# शक्तिमा हुनेको पनि असफलता : विराटनगरमा विश्वविद्यालय स्थापनार्थ भएका प्रयास (वि.सं. २०२३–२०४९)

देवेन्द्र उप्रेती

यो लेख मूलतः पञ्चायतकाल (वि.सं. २०१७–२०४६) मा नेपालको पूर्वी क्षेत्रको प्रमुख शहर विराटनगरमा विश्वविद्यालय स्थापना गर्ने भएका प्रयासहरूको अभिलेखांकन हो । नेपालको पहिलो विश्वविद्यालयको रूपमा त्रिभुवन विश्वविद्यालय (त्रिवि) को स्थापना वि.सं. २०१६ मा भयो । त्रिवि स्थापना भएको सात वर्ष नपुग्दै पश्चिमतर्फ दाङमा र पूर्वतर्फ विराटनगरमा विश्वविद्यालय खोल्ने प्रयत्न जनस्तरमा सुरु भए (अर्याल सन् १९७०; गोरखापत्र २०२२क, २०२२ख; कार्की २०५४; देवकोटा २०५४; प्रपन्नाचार्य २०५४) । यी प्रयत्नले वि.सं. २०२० को दशकको सुरुतिरै नेपाली समाजमा बहुविश्वविद्यालयको आवश्यकता महसुस भैसकेको देखाउँछ ।[1] यद्यपि, दाङ र विराटनगरमा विश्वविद्यालय खोल्न भएका प्रयत्नबारे चर्चा नभएको या तिनलाई महत्ता नदिइएकै कारण नेपालमा बहुविश्वविद्यालयको अवधारणा २०३९ सालको शाही उच्च शिक्षा आयोगको सिफारिसमा महेन्द्र संस्कृत विश्वविद्यालय (स्था. २०४३) को स्थापनासँगै आएको हो भन्ने बुझाइ सार्वजनिक वृत्तमा छ । २०४६ पछि गठन भएका शिक्षा आयोग र कतिपय शिक्षाविद् समेतले यसै मान्यतालाई पुनर्उत्पादन गरिरहेका छन् (हेर्नुहोस् राष्ट्रिय शिक्षा आयोग २०४९; श्री ५ को सरकार २०५५; थापा सन् १९९९; खनिया सन् २००७, सन् २००९; खड्का २०६८) । विराटनगरस्थित महेन्द्र मोरङ क्याम्पसलाई स्तरोन्नति गरी विश्वविद्यालयमा रूपान्तरण गर्ने चालिएका कदमलाई नमूना अध्ययनको रूपमा प्रस्तुत गर्दै यस लेखमा वि.सं. २०४० को

[1] नेपाली समाजमा बहुविश्वविद्यालयको छलफल सुरु भएको मिति यकिन गर्न सकिँदैन । यद्यपि, उपलब्ध सामग्रीले वि.सं. १९९० दशकको मध्यताका नेपालको पूर्वी भेगका केही व्यक्तिले नेपालमा तीन ओटा विश्वविद्यालय हुनुपर्ने कल्पना गरेको देखिन्छ । भाषाविद् महानन्द सापकोटा लेख्छन्,

> धनकुटामा वि.सं. १९९४ देखि १९९६ सम्म धनकुटा गोकुण्डेश्वर हाईस्कुलको प्रधान शिक्षक हुने शौभाग्य पाएको थिएँ । त्यसबेला...श्री गजेन्द्रबहादुर प्रधानांग र श्री पण्डित छविलाल पोखरेल मेरा मानसपटमा सधैं झरिला भइरहेका छन् र म बाचुञ्ज्याल होइरहने पनि छन् । त्यसबेलाको हाम्रो चिन्तन र हाम्रो संकल्प लेख्दा महाभारतभन्दा ठूला ठेली हुन सक्छ । धरान धनकुटाको बाटो बनाउने, अरूणमा पुल हाल्ने, महाविद्यालयहरू स्थापना गर्ने, अधिराज्यभरिमा तीन विश्वविद्यालयको परिकल्पना गर्ने, राणाशासनबाट नेपाललाई मुक्त गराउने जस्ता कुरा हामी भेला हुने वित्तिकै चलिहाल्थे । (२०५७ : २५९)

*Studies in Nepali History and Society* 21(1): 151–181 June 2016
© Martin Chautari

दशकमा मात्र बहुविश्वविद्यालयको अवधारणा नेपाली समाजमा सुरु भएको हो भन्ने तर्क या मान्यतालाई खण्डन गरिएको छ ।

त्यसै गरी, राज्यसंयन्त्रमा सहज पहुँच पुग्नेहरूले चाहेमा विश्वविद्यालय स्थापना गर्न सक्छन् भन्ने सोच पनि नेपाली समाजमा व्याप्त देखिन्छ (ढकाल २०६५, २०६८; खड्का २०६८) । पछिल्लो समय मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चलमा विश्वविद्यालय स्थापना गर्न जुटेका समूहको बुझाइमा मध्यपश्चिमाञ्चल विश्वविद्यालय (स्था. २०६७) र सुदूरपश्चिमाञ्चल विश्वविद्यालय (स्था. २०६७) स्थापना ढिलो हुनुको कारण राज्यसंयन्त्रमा उनीहरूको पहुँच कमजोर भएकाले हो (उप्रेती २०७२) । राज्यसंयन्त्रमा पहुँच नहुँदा विश्वविद्यालय स्थापना गर्न लामो समय लागेको भन्ने बुझाइ यी दुई विश्वविद्यालयको सन्दर्भमा सही हुन सक्ला तर यस्तो बुझाइलाई राष्ट्रिय तहमा सामान्यीकरण गर्न सकिँदैन । पञ्चायतकालमा तत्कालीन दुई मुख्य शक्ति केन्द्र – नारायणहिटी (राज) दरबार र सिंहदरबार – सम्म पहुँच पुग्नेहरूले खासगरी विराटनगर (र केही हदसम्म दाङमा पनि) मा विश्वविद्यालय खोल्न गरेका असफल प्रयत्नले हामीलाई यस्तो सामान्यीकरण गर्न दिँदैनन् ।

लेखको पहिलो खण्डमा विराटनगरस्थित तत्कालीन मोरङ इन्टरमिडिएट कलेज (पछि महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस) लाई विश्वविद्यालयमा रूपान्तरण गर्न भएका प्रयास (वि.सं. २०२३–२०४९) को चर्चा गरिएको छ । दोस्रो खण्डमा विश्वविद्यालय स्थापना गर्ने समूह या समूहका सदस्यहरूको पृष्ठभूमि केलाइएको छ जस्ले तत्कालीन राज्यसंयन्त्रसँग ती अभियन्ताहरूको पहुँचबारे यथेष्ट जानकारी दिन्छ। लेखको तेस्रो खण्डमा विश्वविद्यालयका प्रस्तावित नाउँमा आएका परिवर्तन र त्यस पछाडिको राजनीतिलाई व्याख्या गरिएको छ। यसले स्थानीय अभियन्ताहरूले कसरी बदलिँदो शक्तिसंयन्त्रलाई आफ्नो अभिष्ट पूरा गर्न प्रयोग गर्छन् भन्ने देखाउँछ, भलै त्यो रणनीति सधैँ कारगर हुन्छ भन्ने देखिन्न ।

यो लेख तयार गर्ने क्रममा विश्वविद्यालय स्थापनामा संलग्न र जानकार व्यक्तिसँग भदौ २०७२ र असार २०७३ बीचमा कुराकानी गरिएको थियो । त्यस्तै, पूर्वाञ्चलमा विश्वविद्यालय स्थापनाबारे सार्वजनिक तहमा उपलब्ध अभिलेखलाई अध्ययनको दायरामा पारिएको छ। विश्वविद्यालय स्थापनाका लागि विभिन्न समयमा राजदरबारमा चढाइएका “बिन्तीपत्र” र दरबारबाट भएका निर्णय तथा “हुकुम प्रमांगी” र जनस्तरमा भएका निर्णयका प्रतिलिपिलाई समेत अध्ययन गरिएको छ ।

## विराटनगरमा विश्वविद्यालय खोल्न भएका प्रयास

*पहिलो चरण (वि.सं. २०२३–२०२८)*

२०१२ सालमा विराटनगरमा मोरङ इन्टरमिडिएट कलेजको स्थापना भयो (आचार्य २०४६)। स्थापनाको करिव एक दशकपछि २०२३ सालदेखि यसै कलेजलाई स्तरोन्नति गरेर विश्वविद्यालय बनाउने योजना विराटनगरमा बुन्न थालिए । नेपालको पहिलो विश्वविद्यालय त्रिवि स्थापना भएको एक दशक पनि नपुग्दै अर्को विश्वविद्यालय स्थापनाका लागि कुरा उठ्न थालेको यसले देखाउँछ । कलेजलाई विश्वविद्यालयमा स्तरोन्नति गर्ने पहिलो छलफल २८ मंसिर २०२३ मा पूर्व प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाको निवासमा भएको उपलब्ध अभिलेखले देखाउँछ (शर्मा २०४६; कार्की २०५४; सुवेदी २०५६) । सो छलफलले मोरङ उच्च शिक्षा विकास ट्रष्ट गठन गर्दै “पूर्वाञ्चल क्षेत्रमा एक विश्वविद्यालय” स्थापना गर्ने सहित उच्च शिक्षाको विकास गर्न नौ बुँदे निर्णय गरेको थियो । निर्णय नं. ७ मा विश्वविद्यालय स्थापनाबारे राजदरबारमा “यथार्थ बिन्तीगरी स्वीकृत लिनका निमित्त यथाशीघ्र प्रतिनिधिहरू काठमाडौँ पठाउने र चाँडोभन्दा चाँडो सक्रिय रूपले कार्य सुरुगरी विश्वविद्यालयको लक्ष्य पूरा गर्ने” उल्लेख छ (पोखेल, न्यौपाने र सुवेदी २०५६ : २२) ।

सोही निर्णय बमोजिम नवगठित ट्रष्टका तर्फबाट मातृकाप्रसाद कोइरालाको नेतृत्वमा १४ जनाको प्रतिनिधि मण्डलले विश्वविद्यालय स्थापनाको आवश्यकता, योजना र त्यसका लागि महेन्द्र मोरङ कलेजको पूर्वाधार विकास, आदिबारे विभिन्न माग राखी तत्कालीन राजा महेन्द्रलाई ९ माघ २०२३ मा बिन्तीपत्र बुझायो ।[२] बिन्तीपत्रको दोस्रो अनुच्छेदमा “...कलेज सुचारू रूपले चलाउन र उच्च शिक्षाका अरू कक्षाहरू थप्दै भविष्यमा पूर्वाञ्चलमा सरकारको शुभ नाउँमा एउटा विश्वविद्यालय स्थापना गर्ने” लक्ष्य राखिएको उल्लेख छ (पोखेल, न्यौपाने र सुवेदी २०५६ : २३) । बिन्तीपत्र अद्योपान्त अध्ययन गर्दा ट्रष्टले मूलतः चार ओटा विषय उठाएको देखिन्छ : पहिलो, पछिल्लो समय राजधानीमा बढेको महंगीले गर्दा अभिभावकले आफ्ना छोरा छोरीलाई काठमाडौँमा राख्न असमर्थ हुन लागेका र समर्थनवान पनि राजधानीका तुलनामा कमै खर्चमा भारतीय विश्वविद्यालयमा पढाउनेतर्फ ध्यान दिन लागेका कारण मोरङ कलेजमा नै श्री ५ महेन्द्र विश्वविद्यालय स्थापित नभएसम्म बीएस्सी,

[२] प्रतिनिधि मण्डलमा मातृकाप्रसाद कोइराला, भूपालमानसिंह कार्की, शिवबहादुर थापा, चैतुलाल चौधरी, मदनलाल अग्रवाल, गोपालप्रसाद शर्मा, चन्द्रबहादुर पाण्डे, तोलाराम दुगड, रामकृष्ण राठी, हंसराज गोल्छा, जुद्धबहादुर श्रेष्ठ, शिवप्रसाद रिजाल, कालुराम अग्रवाल र डा. अवधनारायण सम्मिलित थिए । ट्रष्टले २८ माघ २०२३ मा गरेको अर्को निर्णयमा यात्रा खर्च प्रतिनिधिहरू स्वयंले बेहोर्ने उल्लेख छ (पोखेल, न्यौपाने र सुवेदी २०५६ : २२) ।

एमए र कानूनका कक्षा तत्कालका लागि त्रिविकै सम्बन्धनमा सञ्चालन गर्ने; दोस्रो, मोरङ इन्टरमिडिएट कलेजको नाम श्री ५ महेन्द्र मोरङ कलेजमा परिवर्तन गर्ने; तेस्रो, विराटनगरमा छुट्टै कृषि क्याम्पसको स्थापना गर्ने; र चोथौ, महेन्द्र मोरङ कलेज र कृषि महाविद्यालयलाई एकीकृत गरी विराटनगरमा ५ देखि १० वर्षभित्रमा महेन्द्र विश्वविद्यालय स्थापना गर्ने र यसका लागि आवश्यक पर्ने रकम सरकार (दरबार) समक्ष अनुरोध गर्ने (पोखेल, न्यौपाने र सुवेदी २०५६) ।

विश्वविद्यालय स्थापनाका लागि ठूलै रकम आवश्यक पर्ने हुनाले सोको व्यवस्थाका लागि एकातर्फ सरकारलाई अनुरोध गर्ने र अर्कोतर्फ स्थानीय तहबाट कर उठाउने रणनीति ट्रष्टले लिएको देखिन्छ। ट्रष्टको गठनपश्चात् उसले गरेका प्रमुख निर्णयमा विश्वविद्यालय खोल्न आवश्यक पर्ने भौतिक तथा प्राज्ञिक पूर्वाधारको विकासका लागि सरकारसँग आर्थिक अनुदान माग गर्ने, रानी भन्सारबाट हुने निकासी सामानमा निश्चित दस्तुर लिने र यसलाई राजदरबारबाट स्वीकृत गराउन अगुवाइ गर्ने, आदि थिए ।

मालसामानको निकासी, पैठारीमा निश्चित दस्तुर लिई सोबाट जम्मा हुने कोषले शिक्षालयहरू स्थापना या सञ्चालन गर्ने विधि यसअघि पनि विभिन्न ठाउँमा प्रयोग भैसकेको हो ।[३] विराटनगरमै पनि २०१३ सालमा मोरङ कलेजको भवन बनाउन आवश्यक पर्ने आर्थिक स्रोतको जोहो गर्न तत्कालीन सञ्चालकहरूले प्रति बिघा एक रूपैयाँका दरले शिक्षा विकास दस्तुर तीन वर्षसम्म उठाइ लिन पाउने प्रावधान तत्कालीन सरकारबाट स्वीकृत गराएका थिए। र, सोही रकमले मोरङ इन्टरमिडिएट कलेजको भवन बनाउन आवश्यक स्रोत जुटेको थियो। विराटनगरमा विश्वविद्यालय स्थापनाका लागि पनि सोही कार्यनीति ट्रष्टका हर्ताकर्ताले तय गरे, र आवश्यक पर्ने आर्थिक स्रोतको व्यवस्थापन गर्न विराटनगर रानी भन्सारबाट निकासी हुने मालसामानमा निश्चित दस्तुर उठाउने निर्णय गरे।[४] ट्रष्टको सो निर्णय कार्यान्वयन गर्न उनीहरूले दरबारमा लेखापढी गरे र तत्कालीन राजा महेन्द्रबाट "उच्च शिक्षा

[३] झापामा (वि.सं. २०१९/२० तिर) मेची क्याम्पस स्थापना गर्न यो विधि प्रयोग गरिएको थियो (हेर्नुहोस् कार्की २०५४)। पोखरालगायत मुलुकका अन्य क्षेत्रमा पनि शिक्षाका लागि भनेर स्थानीय तवरमा छुट्टै ट्याक्स लगाइएको पाइन्छ।

[४] जुटमा प्रति मन २५ पैसा, जुट कटिङमा प्रति मन १० पैसा, चामलमा प्रति मन २० पैसा, धानमा प्रति मन १० पैसा, तोरीमा प्रति मन २० पैसा, तेल निकासीमा प्रति टीन २५ पैसा, स्टेनलेस स्टिलमा प्रति किलो सात पैसा, टेरलीन कपडामा प्रति गज सात पैसा, र बोरा, हैसियन, सुतली इत्यादि सहितमा प्रति टन १० रूपैयाँ असुल गरी उच्च शिक्षाका लागि एउटा स्थायी कोष स्थापना गर्ने निर्णय बैठकले गरेको देखिन्छ। बैठकका थप निर्णयका लागि पोखेल, न्यौपाने र सुवेदी (२०५६) हेर्नुहोस्।

विकास ट्रष्ट स्थापित गरी निकासी मालसामानमा सहायतता रकम उठाइ लिनु मनासिव छ” भनेको पत्र समेत हात पारे (कार्की २०५४ : २४१) ।[५]

मोरङ उच्च विकास ट्रष्टको योजनाबारे दरबारको प्रतिक्रिया समग्रमा नकारात्मक देखिन्न । मोरङ इन्टरमिडिएट कलेजको नाम श्री ५ महेन्द्र मोरङ कलेजमा फेर्ने र विराटनगरस्थित पुरानो हवाइ मैदानको करिव २४ बिघा जग्गा प्रस्तावित महेन्द्र विश्वविद्याललाई दिने निर्णय सरकारबाट तत्कालै कार्यान्वयन भयो । यद्यपि, प्रस्तावित विश्वविद्यालयका लागि थप १६० बिघा जग्गा किन्नका लागि आवश्यक पर्ने चार लाख असी हजार रूपैयाँ भने निकासा भएन ।

ट्रष्टका तर्फबाट गरिएको अनुरोधको प्रत्यूत्तरमा तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाले मातृकाप्रसाद कोइराला र भूपालमानसिंह कार्कीलाई १८ माघ २०२३ मा एक पत्र लेखेका थिए ।[६] सो पत्रमा भनिएको छ :

> कृषि कालेज, बी. एस. सी., एम. ए एवं लका कक्षाहरू चलाउने सम्बन्धमा तपाईहरूले व्यक्त गर्नु भएको विचार उत्तम छ । यस सम्बन्धमा त्रिभुवन विश्वविद्यालय ऐन अन्तर्गत कार्य गर्नुपर्ने भएकाले विश्वविद्यालयसित सम्पर्क राखी एउटा विशेषज्ञहरूको समितिद्धारा यस सम्बन्धमा छानविन गराई आवश्यक व्यवस्था गरिने छ र आशा छ विश्वविद्यालयबाट यस विषयमा सहानुभूतिपूर्वक विचार हुनेछ । (पोखेल, न्यौपाने र सुवेदी २०५६ : ३२-३३)

महेन्द्र मोरङ कलेजमा मानविकी तथा सामाजिक संकाय अन्तर्गत् केही विषयमा स्नातकोत्तर कक्षा सञ्चालन गर्न सकेको खण्डमा केही वर्षमा नै कलेजलाई विश्वविद्यालयमा रूपान्तरण गर्न सजिलो हुन्छ भन्ने ट्रष्टले ठानेको देखिन्छ । र, सोही बमोजिम महेन्द्र मोरङ क्याम्पसमा त्रिविको सम्बन्धनमा स्नातकोत्तरका शैक्षिक कार्यक्रम सञ्चालन गर्न खोजिएको थियो ।[७] तर त्रिविका पदाधिकारी खासगरी

[५] २०२३ सालबाट महेन्द्र मोरङ कलेजलाई विश्वविद्यालय रूपान्तरण गर्नका लागि ट्रष्टले विराटनगरको रानी भन्सारबाट निकासी हुने विभिन्न वस्तुमा निश्चित दस्तुर उठाउन थालेको थियो ।

[६] तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाले मातृकाप्रसाद कोइराला र भूपालमानसिंह कार्कीलाई लेखेको पत्रको प्रतिलिपिका लागि पोखेल, न्यौपाने र सुवेदी (२०५६) हेर्नुहोस् ।

[७] बालकृष्ण पोखेलसँग २२ असोज २०७२ मा गरिएको कुराकानी । २०२४ सालमा त्रिविको स्थायी जागिरबाट राजीनामा गरी पोखेल विराटनगरस्थित (प्रस्तावित) महेन्द्र विश्वविद्यालयमा पढाउन गए । तर महेन्द्र मोरङ कलेज विश्वविद्यालयमा रूपान्तरण हुन सकेन । २०२८ सालको नयाँ शिक्षा पद्धतिको योजानाले महेन्द्र मोरङ कलेजलाई त्रिविमा समाहित गरेपछि उनी पुनः त्रिविका शिक्षक बन्न पुगे ।

तत्कालीन उपकुलपतिको असहयोगले गर्दा महेन्द्र मोरङ क्याम्पसले उल्लिखित शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाएन ।[८] भूपालमानसिंह कार्की लेख्छन् :

> ...त्रिभुवन विश्वविद्यालयको असहयोगको बेहोरासमेत लेखी हामीले पुनः श्री ५ महाराजाधिराज सरकारसमक्ष अर्को बिन्तीपत्र चढायौं । त्यसपछि २०२४ साल असोज ४ गते श्री ५ महाराजाधिराज सरकारको दर्शन पाउँदा 'उच्चशिक्षा विकास ट्रष्टले उच्चशिक्षाको मागबमोजिम कुनै पनि शिक्षा सञ्चालन गर्न निकासा नपाएको' भन्ने बिन्ती गर्दा श्री ५ महाराजाधिराज सरकारबाट "अधिराज्यभरि जम्मा तीन, चार विश्वविद्यालय स्थापना गराउने मेरो विचार छ, तिमीहरूले पूर्वाञ्चलमा विश्वविद्यालय स्थापना गर्न पाउँछौ । यसबारेको बिन्तीपत्र ल्याएका छौ ?" भनी मलाई हुकुम भयो । (२०५४ : २४२)

मातृकाप्रसाद कोइरालाको टोलीले राजदरबारमा बिन्तीपत्र बुझाएको करिव वर्ष दिन नपुग्दै उच्च शिक्षा विकास ट्रष्टका तर्फबाट भूपालमासिंह कार्कीले "...विराटनगरमा कृषि महाविद्यालय साथै विश्वविद्यालय स्थापना गर्ने निकाशा बक्स पाऊँ" भनी महेन्द्रलाई अर्को पत्र बुझाएको देखिन्छ । यो पत्रमा महेन्द्र विश्वविद्यालयका लागि हाल ४५ बिघा (मोरङ कलेजको चानचुन २१ बिघा जग्गा र यस कलेजलाई दिइएको हवाइ मैदानको २४ बिघा) रहेको र थप १६० बिघा जग्गा किन्न प्रति बिघा तीन हजार रूपैयाँका दरले चार लाख असी हजार रूपैयाँ मागिएको थियो (कार्की २०५४ : २४३) । महेन्द्रका प्रमुख सचिव इश्वरीमान श्रेष्ठले भूपालमानसिंह कार्कीलाई १७ कात्तिक २०२४ मा सो पत्रको जवाफ लेखेको देखिन्छ : "विश्वविद्यालयको कामलाई लाग्ने थप जग्गा बिघा १६० अधिकरण गरी पाऊँ र सोलाई चाहिने चार लाख अस्सी हजार पाऊँ भन्नेबारे ५ भदौ २०२४ को बिन्तीपत्रको व्यहोरा श्री ५ महाराजधिराजका हजुरमा जाहेर हुँदा, यसमा प्रधानमन्त्रीले हेरेर पटक-पटक पाउने गरी दिनु भन्ने हुकुम बक्सेको छ ।"[९]

विराटनगरमा महेन्द्र विश्वविद्यालय स्थापनाको प्रयत्नले केही उपलब्धि हासिल गरेको उपरोक्त पत्रले देखाउँछ । तर स्थानीय आकांक्षा अनुसार विश्वविद्यालय स्थापनाको कार्यले गति लिइरहेको थिएन । र, सो प्रयत्नलाई थप गति दिन २०२६ सालमा मातृकाप्रसाद कोइरालाका अध्यक्षतामा "विश्वविद्यालय स्थापना समिति" गठन गरियो । र यो समितिले पनि १७ पुस २०२६ मा विश्वविद्यालयको

[८] यस अवधिमा (२०२२ देखि २०२६ सालसम्म) मा त्रिविमा रुद्रराज पाण्डे उपकुलपति र त्रैलोक्यनाथ उप्रेती रजिष्ट्रार थिए (उपाध्याय २०५९) । विराटनगरमा विश्वविद्यालय स्थापना गर्ने कार्यमा त्रिविका तत्कालीन उपकुलपति रुद्रराज पाण्डेले असहयोग गरेको भूपालमानसिंह कार्कीको आरोप छ (कार्की २०५४) । यद्यपि दाङमा संस्कृत विश्वविद्यालय खोल्ने प्रयास (वि.सं. २०२२–२०२६) मा भने पाण्डे संलग्न देखिन्छन् (पोखेल २०६५) ।

[९] पत्रको प्रतिलिपिका लागि पोखेल, न्यौपाने र सुवेदी (२०५६ : ३४) हेर्नुहोस् ।

स्वीकृतीका लागि पुनः राजालाई भेटी बिन्तीपत्र बुझायो ।[१०] भेटमा टोलीले "श्री ५ महाराजाधिराज सरकारबाट हाम्रो उद्देश्यअनुरूप निगाहपूर्वक कृषि महाविद्यालयका साथै विश्वविद्यालय स्थापना गर्ने हुकुम प्रमांगी हुँदाहुँदै श्री ५ सरकारबाट निकास" नभएको जाहेर गऱ्यो । जवाफमा महेन्द्रले "निकास दिनुपर्ने किन दिएनन् हुकुम प्रमांगीबमोजिम गरीदिनु भन्ने बेहोरा प्रधानमन्त्रीलाई लेखी जानेछ" भनेको बताइन्छ (कार्की २०५४ : २४४) । यसको करिव एक हप्तापछि राजाका प्रमुख निजी सचिव इश्वरीमान श्रेष्ठले तत्कालीन प्रधानमन्त्री कीर्तिनिधि विष्टलाई २२ पुस २०२६ मा एउटा चिठी लेखेको देखिन्छ । चिठीमा भनिएको छ : "...मातृकाप्रसाद कोइराला तथा भूपालमानसिंह कार्की समेतले मिति १७ पुस २०२६ मा चढाएको बिन्तीपत्रको व्यहोरा श्री ५ महाराजधिराज सरकारका हजुरमा जाहेर हुँदा यसमा व्यहोरा साँचो भए अघिको हुकुम प्रमांगी बमोजिम तुरुन्त गरी दिनु" (पोखेल, न्यौपाने र सुवेदी २०५६ : ३६) ।

यी विवरणले महेन्द्र मोरङ कलेजलाई विश्वविद्यालयमा स्तरोन्नति गर्नेबारे सरकार र राजदरबारसँग ट्रष्टको बारम्बार संवाद भैरहेको तथ्य प्रस्ट्याउँछन् ।[११] र, विराटनगरमा विश्वविद्यालय खोल्ने कुरामा दरबार नकारात्मक थिएन भन्ने देखाउँछन् ।[१२] त्यसो हो भने महेन्द्रको दबदबा भएको कालखण्डमा पनि किन विश्वविद्यालय स्थापना हुन सकेन भन्ने प्रश्न उब्जन्छ । विश्वविद्यालय स्थापना गर्न अग्रसर हुनेहरू राजदरबारसँग प्रत्यक्ष सम्पर्क राख्न सक्ने र राज्यसंयन्त्रमा पहुँच

[१०] बिन्तीपत्र दिनेमा मातृकाप्रसाद कोइराला, भूपालमानसिंह कार्की सहित, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष शैलेशकुमार उपाध्याय, राजसभा सदस्य शान्ता पोखेल, राष्ट्रिय पञ्चायतका सदस्यहरू सुरेन्द्रबहादुर बस्नेत, चैतुलाल चौधरी, उपेन्द्रबहादुर कार्की, हरकुमार सिंह, शंकरमानसिंह अधिकारी, लक्ष्मीराजभक्त नेपाली, विष्णुकुमार तुम्बाहाम्फे, कोशी अञ्चलका अञ्चलाधीश ताराप्रसाद उपाध्याय, मोरङ उद्योग वाणिज्य संघका सभापति जुद्धबहादुर श्रेष्ठ, मोरङ राइस मील एसोसिएसनका सभापति कालुराम अग्रवाल, उच्च शिक्षा विकास ट्रष्टका संरक्षक पूर्व अञ्चलाधीश शिवबहादुर थापा, अशोक टेक्सटाइलका प्रोप्राइटर नवरंग राय लोहिया, मोरङ व्यापार संघका सभापति मदनलाल अग्रवाल, गोल्छा अर्गनाइजेशनका अध्यक्ष रामलाल गोल्छा, उद्योगपति रामप्रताप अग्रवाल, नेपाल स्ट्रबोर्डका अध्यक्ष तोलाराम दुगड, महेन्द्र मोरङ कलेजका प्राचार्य गोपालप्रसाद शर्मा र मोरङ जिल्ला पञ्चायतका सभापति हर्कचन्द विश्वास रहेका थिए ।

[११] वि.सं. २०२० को दशकमा विराटनगरमा विश्वविद्यालय खोल्न लागिपरेका समूह र शिक्षा मन्त्रालय/शिक्षामन्त्रीबीचमा विश्वविद्यालय स्थापना गर्ने विषयमा खासै छलफल भएको देखिँदैन । यो समूहले सम्भवतः विश्वविद्यालय खोल्ने विषयमा दरबारलाई मनाउन सके सरकारका अन्य निकाय (जस्तै शिक्षा मन्त्रालय/मन्त्री) लाई सजिलै मनाउन सकिन्छ भन्ने ठानेको थियो । अध्ययन क्रममा कुराकानी गरिएका अधिकांशले विराटनगरमा विश्वविद्यालय खोल्न लागिपरेकाहरू राजदरबार र सिंहदरबारलाई राम्रोसँग बुझेकाहरूको समूह हो भन्नेमा मतैक्य थियो ।

[१२] खास गरी २०२७ सालसम्म राजा महेन्द्र दाङ र विराटनगरमा विश्वविद्यालय स्थापना गर्ने कुरामा नकारात्मक देखिन्नन् (हेर्नुहोस् गोरखापत्र २०२२क, २०२२ख; देवकोटा २०५४; कार्की २०५४) ।

पुगेका भए पनि विश्वविद्यालय स्थापना गर्ने मामिलामा राजा महेन्द्रलाई मनाउन सक्ने सामर्थ्य नभएकाहरू भएको केहीको तर्क छ । विराटनगर निवासी पूर्व शिक्षा राज्यमन्त्री राधाप्रसाद घिमिरे भन्छन् :

> राजा महेन्द्रलाई मोरङमा विश्वविद्यालय स्थापना गर्न 'कन्भिन्स' गर्न सकेको भए यसलाई रोक्न सक्ने त्यसबेला कोही पनि थिएन । तर राजा महेन्द्र केही कुरा निर्णय गर्नुअघि विभिन्न पक्षसँग सल्लाह लिने गर्दथे । सम्भवतः राजा महेन्द्रले विराटनगरमा विश्वविद्यालय मागका बारेमा त्रिवि पदाधिकारी लगायत अन्य विद्वानहरूको समेत विचार लिएका थिए भन्ने मलाई लाग्छ। उनीहरूले राजा महेन्द्रलाई विराटनगरमा विश्वविद्यालय स्थापना गरी सञ्चालन गर्न कठिन हुने कुरा बताए जुन कुरामा राजा महेन्द्र पनि राजी भए ।[१३]

नेपालमा थप विश्वविद्यालयको स्थापनाबारे त्रिविका कतिपय अध्यापक र पदाधिकारी सकारात्मक थिएनन् भनेर अन्य केहीले पनि बताएका छन् । अन्य विश्वविद्यालयको अस्तित्वले त्रिविको संस्थागत विकासलाई अवरोध ल्याउँछ कि भन्नेतर्फ त्रिविसम्बद्धहरू सतर्क थिए ।[१४] विराटनगरमा विश्वविद्यालय स्थापना गर्न जुटेको समूह पनि त्रिविवालाहरूको मनोदशाबाट अनभिज्ञ थिएन र सुरुबाटै उनीहरूले त्रिविको शंका निवारण गर्न खोजेका थिए । ९ माघ २०२३ मा महेन्द्रलाई चढाएको बिन्तीपत्रको तेस्रो हरफमा लेखिएको छ :

> त्रिभुवन विश्वविद्यालयसँग असामयिक प्रतिस्पर्धा गर्ने हाम्रो नीति होइन । तर, २००७ साल यता शिक्षाको क्षेत्रमा जुन अभूतपूर्व प्रगति भएको छ, त्यसैबाट अहिले देखिनै योजनाबद्ध तरिकाले समयको माँग अनुसार काम गर्नु पर्ने देखिन आएकोछ, सोही सन्दर्भमा पूर्वाञ्चलको जनसंख्या तथा आवश्यकताको अवलोकन गरी साथसाथै स्थानको ग्राह्यतालाई ध्यानमा राखी विराटनगरमा सरकारका नाउँमा विश्वविद्यालय खोल्ने हाम्रो अन्तिम लक्ष हो। काठमाडौं उपत्यका तथा आसपासका जिल्लाहरू समेतको जनसंख्या आँकडा हेर्दा त्रिभुवन विश्वविद्यालयलाई विद्यार्थी संख्यामा कमी हुने आशंका रहँदैन, जहाँसम्म सो विश्वविद्यालयको व्यवस्थाको सवाल छ, त्यसको जरो बलियो हुँदै गएको र निकट भविश्यमा नै सुदृढ हुने अवश्यम्भावी नै छ। (पोखेल, न्यौपाने र सुवेदी २०५६ : २३)

[१३] घिमिरेसँग २४ कात्तिक २०७२ मा गरिएको कुराकानी ।

[१४] त्रिविमा प्राध्यापक तथा पदाधिकारीको रूपमा लामो समय बिताएका सूर्यलाल अमात्यका अनुसार त्यतिबेला (२०२०–२०२८ साल) त्रिविका पदाधिकारी (र प्राध्यपकसमेत) त्रिवि संस्थागत नभएसम्म अन्य विश्वविद्यालय खोल्न हुँदैन भन्ने धारणा राख्थे । अमात्यसँग २ जेठ २०७३ मा गरिएको कुराकानी । अमात्यको जस्तै धारणा महेन्द्र मोरङ क्याम्पसमा लामो समय प्रध्यापन गरेका मेदिनीप्रसाद शर्मा तथा पूर्व शिक्षा राज्यमन्त्री राधाप्रसाद घिमिरेको पनि छ । शर्मा र घिमिरेसँग क्रमशः ८ र १० असोज २०७२ मा गरिएको कुराकानी ।

ट्रष्टका अभियन्ताहरूले अथक प्रयत्न गर्दागर्दै र दरबार नकारात्मक नहुँदानहुँदै पनि विराटनगरमा विश्वविद्यालय स्थापना गर्ने प्रयत्नले मूर्त रूप लिन सकेको थिएन। यसबीच २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना प्रारम्भ भयो । नयाँ शिक्षा पनि भनिने यो योजनाको मूल उद्देश्य शिक्षा क्षेत्रलाई राष्ट्रियकरण गर्दै समुदायको अग्रसरतामा खुलेका विद्यालय, महाविद्यालय (शिक्षण संस्था) लाई राज्यको प्रत्यक्ष नियन्त्रणमा ल्याउनु थियो (पराजुली सन् २००९) ।[१५] यसपछि शिक्षा विकासका निम्ति जनस्तरबाट सुरु गरिएका ट्रस्ट जस्ता संस्थागत प्रयास एवं जनस्तरबाट (उच्च) शिक्षामा प्राप्त हुने सहयोग अवैधानिक समेत हुन पुगे ।[१६] नयाँ शिक्षाको कार्यान्वयनसँगै सामुदायिक अग्रसरतामा स्वतःस्फूर्त खुलेका शिक्षण संस्था सरकारी बने भने राज्यले अनावश्यक ठानेका कतिपय शिक्षणसंस्था "डाउनग्रेड" र केही बन्दसमेत गरिए (अधिकारी र पराजुली सन् २०१४) । आश्चर्य के छ भने यसको केहीअघि २०२६/२०२७ सालसम्म राजा महेन्द्र विराटनगर सहित मुलुकका अन्य भाग (दाङ) मा थप विश्वविद्यालय स्थापना गर्ने विषयमा खुल्ला देखिन्थे । २२ साउन २०२७ मा मात्र सरकारले नेपाल संस्कृत विश्वविद्यालय स्थापना गर्न तत्कालीन राप्ती अञ्चलका अञ्चलाधीशको अध्यक्षतामा नयाँ आयोजक समिति गठन गरेको थियो (गोरखापत्र २०२७) । त्यसैगरी, मोरङ उच्च शिक्षा विकास ट्रष्टले दरबारमा बुझाएका बिन्तीपत्रको सम्बन्धमा दरबारबाट २२ पुस २०२६ सालमा तत्कालीन प्रधानमन्त्री कीर्तिनिधि विष्ट, मातृकाप्रसाद कोइराला र भूपालमानसिंह कार्कीलाई लेखेका पत्रले पनि महेन्द्र सार्वजनिक रूपमा बहुविश्वविद्यालयको विपक्षमा रहेको देखाउँदैन ।[१७] विपक्षमा नभए पनि नयाँ शिक्षा योजना लागू भएपछि भने मुलुकमा बहुविश्वविद्यालय खुल्ने (त्यो पनि स्थानीय सक्रियतामा) गोरेटो बन्द भयो ।

[१५] २०३९ सालमा गठित शाही उच्च शिक्षा आयोगको प्रतिवेदनमा शिक्षण संस्थाको राष्ट्रियकरणबारे लेखिएको छ : "गैरसरकारी महाविद्यालयमार्फत दुई दशकमा वि.सं. २००७-२०२७ उच्च शिक्षाका विस्तारमा देखा परेको जनसहभागिता समाप्त भयो र ती महाविद्यालयका जायजेथा त्रिविको अधीनमा आयो" (शाही उच्च शिक्षा आयोग २०४० : ५९) ।

[१६] २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएपछि तत्काल विश्वविद्यालय बन्ने अवस्था रहेन । यसबीच करिव २० लाख रूपैयाँ कर जम्मा भएको थियो जुन सरकारलाई हस्तारण गरियो । सरकारले यो रकम पुनः त्रिविलाई निकासा गऱ्यो । त्रिविले यो रकममध्ये करिव १५ लाख रूपैयाँ महेन्द्र मोरङ क्याम्पसको पूर्वाधार विकास गर्न प्रदान गऱ्यो भने बाँकी रहेको पाँच लाख रूपैयाँ ठाकुरराम बहुमुखी कयाम्पसको 'गर्ल्स होस्टल' बनाउनका लागि निकास गरेको थियो । भेषप्रसाद धमलासँग १२ असोज २०७२ मा गरिएको कुराकानी ।

[१७] पत्रका प्रतिलिपिका लागि पोखेल, न्यौपाने र सुवेदी (२०५६) हेर्नुहोस् ।

## *दोस्रो चरण (वि.सं. २०३९–२०४५)*

२०२८ सालमा सुरुआत भएको नयाँ शिक्षा योजनाले माथि भनिए झैँ शिक्षालाई राष्ट्रियकरण र केन्द्रीकरण गर्ने लक्ष्य लिएको देखिन्छ, जुन बहुविश्वविद्यालयको अवधारणासँग मेल खान्थेन । मुलुकमा एकभन्दा बढी विश्वविद्यालय हुनु र ती राजधानीभन्दा अन्यत्र पनि खुल्नु भनेको उच्च शिक्षालाई विकेन्द्रित गर्नु हुन्थ्यो । जबकि, शिक्षक, विद्यार्थी, पाठ्यपुस्तक र सामुदायिक तहमा खोलिएका शिक्षण संस्थालाई राज्यको नियन्त्रण ल्याउने अभिप्रायले नयाँ शिक्षा योजना सुरु भएको थियो । तसर्थ, नयाँ शिक्षा लागू भएपछि विराटनगरमा विश्वविद्यालय स्थापना गर्ने बहस र प्रयास मृतप्रायः भयो ।

तर नयाँ शिक्षालाई एक थरी शिक्षक, विद्यार्थी र प्रतिबन्धित राजनीतिक दलसँग आबद्ध समूहहरूले सुरुदेखि नै विरोध गर्न थालेका थिए ।[१८] निकै समय लगाएर र गोप्य रूपमा योजना बनाएर चरणबद्ध रूपमा लागू गरिएको यो योजनालाई केही पक्षले विरोध गर्दैमा सरकार या त्यसबखतको मूल शक्ति केन्द्र सहजै तुहिन दिने पक्षमा थिएन । तर, सत्ताच्यूत गरिएका पाकिस्तानी प्रधानमन्त्री जुल्फिकार अलि भुट्टोलाई चैत २०३५ मा फाँसी दिइएपछि नेपालमा पनि विद्यार्थी आन्दोलन चर्कियो, जनमत संग्रह भयो र अन्ततः त्यसले नयाँ शिक्षालाई पनि बगायो । यद्यपि, नयाँ शिक्षा योजना कार्यान्वयनमा असहजता पहिल्यै देखिएको थियो । नयाँ शिक्षाको असफलतापछि उच्च शिक्षालाई केन्द्रित गरी १ भदौ २०३९ मा तत्कालीन राजा वीरेन्द्रले रणधीर सुब्बाको अध्यक्षतामा पाँच सदस्यीय एक शाही उच्च शिक्षा आयोग गठन गरे ।[१९] उच्च शिक्षा आयोगको गठन लगत्तैदेखि महेन्द्र मोरङ क्याम्पसलाई विश्वविद्यालयमा स्तरोन्नति गर्ने छलफल विराटनगरमा पुनः सुरु भयो (शर्मा २०४६) ।

यो छलफललाई अगाडि बढाउनेमा अधिकांश २०२३ सालमा विराटनगरमा विश्वविद्यालय स्थापना हुनुपर्छ भन्नेहरू नै थिए । यो कालखण्डमा आइपुग्दा विराटनगरबाहेक अन्यत्र खासगरी पोखरामा तथा संस्कृत विश्वविद्यालयको माग पनि उठ्न थालिसकेको थियो । २०३९ मंसिरमा शाही उच्च शिक्षा आयोगको टोली सुझाव संकलन गर्न विराटनगर पुगेको थियो र सो अवसरमा एउटा सार्वजनिक छलफल कार्यक्रम आयोजना गरिएको थियो । सो कार्यक्रमा उपस्थितमध्ये अधिकांशले

[१८] राष्ट्रिय शिक्षा पद्धतिको योजना र यसले सिर्जना गरेको बहसबारे थप जान्न श्री ५ को सरकार (२०२८); वर्मा (सन् १९७२); मल्ल (सन् १९७९); हेज (सन् १९८१); वीर (सन् १९८८); वन्त (सन् १९९६); उप्रेती (२०६१); पराजुली (सन् २००९); आदि हेर्नुहोस् ।

[१९] आयोगका अन्य सदस्यमा मदनबहादुर प्रधान, जगतमोहन अधिकारी, वल्लभमणि दाहाल र मोहनप्रसाद लाखे थिए । आयोगको प्रतिवेदन २०३९ भदौदेखि २०४० असारसम्म ११ महिनाको समय लगाएर तयार पारिएको थियो (शाही उच्च शिक्षा आयोग २०४०) ।

विराटनगरमा (महेन्द्र मोरङ क्याम्पसलाई आधार बनाइ) विश्वविद्यालय स्थापना गर्न सुझाव दिएका थिए ।[२०] त्यस्तै, पुस २०३९ मा राजा वीरेन्द्र पूर्वाञ्चलको भ्रमणमा रहँदा पूर्वाञ्चलवासीका तर्फबाट भनेर विश्वविद्यालय स्थापनाका लागि निवेदन दिइएको थियो (पोखेल, न्यौपाने र सुवेदी २०५६ : १०) । तर २०४० सालमा बुझाइएको आयोगको प्रतिवेदनमा तत्कालका लागि संस्कृतबाहेक अन्य विश्वविद्यालय स्थापना गर्न सुझाव दिइएन ।

विराटनगरमा विश्वविद्यालय स्थापना गर्न लागिपरेका अभियन्ताहरूलाई आयोगको प्रतिवेदनले निराश बनाए पनि यसले नेपालमा बहुविश्वविद्यालयको अवधारणासम्बन्धी बहसलाई भने अगाडि बढाउन मद्दत पुऱ्यायो ।[२१] विश्वविद्यालयको आवश्यकताबारे आयोगका सदस्यबीचमा मतैक्य थिएन । त्यसैले प्रतिवेदनको मूल सुझावमा बहु वा क्षेत्रीय विश्वविद्यालयबारे उल्लेख भएन । यद्यपि, त्रिविका संस्कृत अध्यापन गराइने अध्ययन संस्थान/कलेजलाई एकीकृत गरी छुट्टै संस्कृत विश्वविद्यालय खोल्नुपर्ने सुझाव भने आयोगले दियो (शाही उच्च शिक्षा आयोग २०४०) । आयोगका सदस्य वल्लभमणि दाहालले विश्वविद्यालय प्रणालीबाट प्रवीणता प्रमाणपत्र तह हटाउँदा तत्काल नयाँ विश्वविद्यालय आवश्यक नपर्ने मत राखे । आयोगका सदस्यद्वय जगतमोहन अधिकारी र मोहनप्रसाद लाखेले भने उच्च शिक्षाको परिवर्तित स्वरूपलाई व्यवस्थापन गर्न विराटनगर र पोखरास्थित त्रिविका क्याम्पसलाई एकीकृत गरी विश्वविद्यालय खोल्नुपर्ने सुझाव दिए ।[२२] बहुविश्वविद्यालय स्थापना गर्नेबारे

[२०] महेन्द्र मोरङ क्याम्पसमा लामो समय प्राध्यापन गरेका केही व्यक्तिले सो क्याम्पसलाई विश्वविद्यालयमा रूपान्तरण गर्ने सम्बन्धमा क्याम्पसभित्रै सुरुदेखि नै सामान्य विवाद भएको बताएका थिए । क्याम्पसका केही प्राध्यापकले सो क्याम्पसलाई विश्वविद्यालयमा रूपान्तरण गर्नुको सट्टा विराटनगरमा छुट्टै विश्वविद्यालय खोल्नुपर्ने कुरालाई जोड दिएका थिए । महेन्द्र मोरङ क्याम्पसमा लामो समय प्राध्यापन गरेकाहरूसँग असोज २०७२ र वैशाख २०७३ मा गरिएका कुराकानी ।

[२१] आयोगको यस प्रतिवेदनले पनि राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८) लागू हुनुभन्दा अगाडिदेखि नै दाङ र विराटनगरमा विश्वविद्यालय स्थापनाको विशेष प्रयास भइरहेको तथ्य उल्लेख गरेको देखिन्छ (शाही उच्च शिक्षा आयोग २०४०) । विराटनगरमा विश्वविद्यालय स्थापना सम्बन्धमा आयोगलाई आफूले दिएको लिखित प्रतिवेदनको प्रतिक्रिया भूपालमानसिंह कार्कीले १२ असार २०४० मा आयोगसँग मागेका थिए ।

[२२] जगतमोहन अधिकारी चैत २०१८ सालदेखि असार २०२९ सम्म ठाकुरराम बहुमुखी क्याम्पस, वीरगञ्जमा प्राचार्य थिए । अधिकारीले २०२९ सालदेखि २०३६ सालसम्म त्रिविका तीन महत्त्वपूर्ण पद क्रमशः रजिष्ट्रार (२० असोज २०२९–१४ माघ २०३२), शिक्षाध्यक्ष (१५ माघ २०३२–१५ कात्तिक २०३४) र उपकुलपति (१६ कात्तिक २०३४–६ भदौ २०३६) सम्हालेका थिए । उनले २०१८ सालअघि केही वर्ष महेन्द्र मोरङ कलेजमा समेत अध्यापन गरेका थिए । त्यसै गरी मोहनप्रसाद लाखे ठाकुरराम बहुमुखी क्याम्पस, वीरगञ्जमा साउन २०३० देखि असार २०३६ सम्म सहायक क्याम्पस प्रमुख र फागुन २०३८ देखि जेठ २०४७ सम्म क्याम्पस प्रमुख थिए ।

विराटनगरका स्थानीय समेत रहेका जगतमोहन अधिकारीका विचार उक्त आयोगको प्रतिवेदनमा “थप कुरा” शीर्षकमा राखिएको छ :

> विगत वर्षहरूमा पोखरा र विराटनगरलाई उच्च शिक्षाको प्रमुख केन्द्रहरूका रूपमा विकसित गराउने उद्देश्यले धेरै प्रयास भएको हो । यस अवधिमा तयार गरिएको पूर्वाधारमा चाहिने थप मद्दत पुऱ्याई आवश्यक तयारी साथ पोखरास्थित पृथ्वी नारायण क्याम्पस र विराटनगरस्थित महेन्द्र मोरङ क्याम्पसलाई अलग-अलग विश्वविद्यालयको रूपमा संगठित गर्नु पर्दछ। (शाही उच्च शिक्षा आयोग २०४० : ४२६)

त्यस्तै, अर्का सदस्य मोहनप्रसाद लाखेको विचार पनि त्यहाँ उल्लेख छ :

> उच्च शिक्षाको सन्तुलित विकास तथा सामाजिक न्यायका दृष्टिले पनि मुलुकका विभिन्न भागमा क्रमिक रूपले विश्वविद्यालय खोल्दै जानु पर्छ। यसै सन्दर्भमा पोखराको पृथ्वी नारायण क्याम्पस र विराटनगरको महेन्द्र मोरङ क्याम्पसलाई यता एक दशकमा उपलब्ध गराइएको थप भौतिक पूर्वाधारलाई दृष्टिगत गर्दा यी दुवै क्याम्पसलाई उत्कृष्ट केन्द्रको सट्टा अलगअलग दुई विश्वविद्यालय बनाउनेतर्फ प्रयत्नशील हुनु पर्छ। (शाही उच्च शिक्षा आयोग २०४० : ४३०)

आयोगको मूल प्रतिवेदनले संस्कृत विश्वविद्यालय खोल्नका लागि बाटो खोलिदिएको थियो भने अन्यत्रका हकमा तत्कालका लागि रोकिदिएको थियो । तर आफ्ना क्षेत्रमा विश्वविद्यालय स्थापनाका लागि सक्रिय अभियन्ताको उत्साहलाई सो प्रतिवेदनले छेकेन । खासगरी २०४३-४४ सालको अवधिमा उनीहरूको सक्रियता निकै बढेको देखिन्छ । ९ वैशाख २०४३ मा पूर्वाञ्चलमा विश्वविद्यालय स्थापना गर्ने कार्य अघि बढाउन र सरकार समक्ष सम्पर्क गर्न उनीहरूले प्रतापनिधि शर्मा[२३] को संयोजकत्वमा २५ सदस्यीय एक समिति गठन गरे ।[२४] जेठमा सो समितिको

[२३] प्रतापनिधि शर्मा महेन्द्र मोरङ कलेजका संस्थापक सचिव हुन् । जीवनको अधिकांश समय शिक्षा क्षेत्रमा बिताएका उनी सार्वजनिक काम पनि आफ्नै खर्चमा मात्र गर्थे भनी उनका प्रशंसकले लेखेका छन् । २०४० सुरुको दशकमा विराटनगरमा विश्वविद्यालय स्थापना गर्ने कार्यमा जुट्ने प्रमुख व्याक्तिमध्ये उनी एक हुन् । १९७७ सालमा सुनसरीमा जन्मेका शर्माको निधन २०४५ सालमा भयो । उनको निधनले पूर्वाञ्चलमा विश्वविद्यालय अभियानमा क्षति पुऱ्याएको थियो (दधिराज सुवेदी २०४६) । उनीबारे नेपाली कांग्रेसका तत्कालीन महामन्त्री गिरिजाप्रसाद कोइरालाले “विराटनगरमा विश्वविद्यालय स्थापना गर्न उनको ठूलो इच्छा थियो” र कम्युनिष्ट नेता मनमोहन अधिकारीले “वहाँ विराटनगरमा विश्वविद्यालय स्थापना गर्न अत्यधिक किसिमले प्रयास गरिरहनु भएको थियो र बाँच्नु भएको भए यस शुभ कार्यमा वहाँ अवश्य सफल हुनुहुन्थ्यो, यसमा सन्देह छैन” भनी उल्लेख गरेका छन् (दुर्गा सुवेदी २०४६ : ७०–७१) ।

[२४] समितिका अन्य सदस्यमा हरकुमार सिंह, जीवेश्वर लाखे, मेघराज शर्मा, कालीकुमार लाल, शिवप्रसाद रिजाल, हंसराज गोल्छा, गोपीकृष्ण अग्रवाल, किशनलाल दुगड, जगतबन्धु कार्की, मार्कण्डेय आचार्य, भेषप्रसाद धमला, लक्ष्मीराजभक्त नेपाली, राजकुमार पोखेल, महाप्रसाद रिजाल, गोपाल प्रसाद शर्मा

अञ्चलाधीश समेतको सहभागितामा दुइटा बैठक भएको देखिन्छ । बैठकले तीन जनाको (मातृकाप्रसाद कोइराला, भूपालमानसिंह कार्की र कोशी अञ्चलाधीश) प्रतिनिधि मण्डल काठमाडौँ गई "पूर्वाञ्चल विश्वविद्यालय स्थापना गर्ने स्वीकृत दिन" सरकारसँग अनुरोध गर्ने र त्रिभुवन विश्वविद्यालयसँग समन्वय गर्ने निर्णय गरेको थियो (सेन २०६१) ।[२५] विराटनगरका अभियन्ताहरूको दुवै दरबार (नारायणहिटी तथा सिंह) मा पहुँच पुग्ने हुनाले उनीहरू दुवैतिर विश्वविद्यालयका लागि दबाब दिँदै थिए । यसरी विभिन्न स्थानबाट विश्वविद्यालयको माग आएका र राजदरबारबाट पनि तोक लागेर चिठीपत्र आउन थालेपछि सिंहदरबारले विश्वविद्यालयसम्बन्धी केही नीतिगत निर्णय गरेको पाइन्छ ।

सोही क्रममा तत्कालीन शिक्षा राज्यमन्त्री केशरबहादुर विष्टले १५ भदौ २०४३ मा राष्ट्रिय पञ्चायतमा नयाँ विश्वविद्यालय स्थापना गर्नेसम्बन्धमा एउटा नीतिगत वक्तव्य दिए (गोरखापत्र २०४३) । धेरै तर्फबाट विश्वविद्यालयका लागि दबाब आउने तर विश्वविद्यालय सञ्चालनका लागि आवश्यक पूर्वतयारी र पूर्वाधारबारे बेवास्ता गरिने भएकाले त्यस्तो निर्णय गरिएको विष्टले बताए ।[२६] सो वक्तव्यले नयाँ विश्वविद्यालय खोल्नका लागि आवश्यक पूर्वाधार तोकेको थियो, जसअनुसार मानविकी तर्फ पाँच, व्यवस्थापनतर्फ पाँच, विज्ञानतर्फ तीन, शिक्षातर्फ दुई, कानुनतर्फ एक क्याम्पस संख्या हुनुपर्ने र ती क्याम्पसमा कम्तिमा पनि १० हजार विद्यार्थी हुनुपर्ने र सोमध्ये पनि एक हजार विद्यार्थी स्नातक वा माथिल्लो तहमा हुनुपर्ने थियो । त्यसबाहेक, दुई करोड रूपैयाँ र एक सय बिघा जमिन पनि प्रस्तावित विश्वविद्यालयसँग हुनुपर्ने तोकियो ।[२७]

राज्यमन्त्रीको यो वक्तव्यले विश्वविद्यालय स्थापना गर्न चाहनेका लागि मापदण्ड निर्धारण गर्दियो । यसपछि सरकारी नीतिअनुरूप विराटनगरमा कसरी विश्वविद्यालय स्थापना गर्न सकिन्छ भनेर विभिन्न बैठक, छलफल भएको देखिन्छ । अन्ततः

र विष्णुराज आचार्य थिए । समितिमा जिल्ला पञ्चायत, नगरपञ्चायत, व्यापार संघ र क्याम्पसका प्रमुखलाई पनि पदेन सदस्यको रूपमा राखिएको थियो ।

[२५] विश्वविद्यालय खोल्दा उत्तर च्याप्ने, इटहरी पूर्वतर्फ भविष्यमा विकासका लागि धेरै जग्गा किन्ने सिलसिलामा प्रस्तावित विश्वविद्यालयको नाममा रहेको २२ बिघा बेच्ने स्वीकृत लिने निर्णय पनि सो बैठकले गरेको तत्कालीन अञ्चलाधीश ओलीले आफ्नो आत्मकथामा उल्लेख गरेका छन् (सेन २०६१) ।

[२६] विष्टसँग ३ जेठ २०७३ मा गरिएको कुराकानी ।

[२७] विश्वविद्यालय खोल्न सरकारले तय गरेका यी प्रावधान किन र कुन आधारमा बनाइए भन्नेबारे केही बताएको पाइँदैन । तत्कालीन शिक्षा राज्यमन्त्री केशरबहादुर विष्टको लामो दूरीसम्म सञ्चालन गर्ने कुनै योजना नलिई विश्वविद्यालय स्थापना गर्न दबाब दिनेलाई निरुत्साहित गर्न यी प्रावधान ल्याइएको तर्क थियो । आर्थिक, भौतिक र प्राज्ञिक पूर्वाधार भए मात्र नयाँ विश्वविद्यालय खोल्ने स्वीकृती दिनुपर्छ भन्ने आफ्नो मान्यता रहेको उनले बताएका थिए । विष्टसँग ३ जेठ २०७३ मा गरिएको कुराकानी ।

१३ पुस २०४३ मा बसेको बैठकले सरकारको निर्णयको स्वागत गर्दै "पूर्वाञ्चल क्षेत्रमा मानविकीतर्फ १२, व्यवस्थापनतर्फ ६, विज्ञानतर्फ ३, शिक्षातर्फ २ र इन्जिनियरिङतर्फ १ समेत क्याम्पस संख्या २९ भएको र तिनमा अध्ययनरत विद्यार्थी पनि निर्धारित संख्याभन्दा बढी देखिएको हुँदा" पूर्वाञ्चलमा विश्वविद्यालयको स्थापना हुन सक्ने आधार रहेको ठहर गऱ्यो । सोही बैठकले ३९ सदस्यीय विश्वविद्यालय व्यवस्थापन मूल समिति, १४ सदस्यीय विश्वविद्यालय व्यवस्थापन कार्य समिति, र चारजना पूर्वप्रधानमन्त्री सहितको नौ सदस्यीय सल्लाहकार मण्डल समेत गठन गऱ्यो (पोखेल, न्यौपाने र सुवेदी २०५६ : ३८-४६) । सो बैठकमा साधनस्रोत जुटाउनेतर्फ पनि छलफल भएको र "...सुनसरीको इटहरी पूर्व राजमार्ग दक्षिणमा १०० बिगाहा जग्गा किन्ने, बजारीया उद्योगपति व्यापारी साहू महाजनबाट १ करोड चन्दा उठाई बैंक व्यालेन्स देखाई त्रि.वि.वि.बाट स्वीकृति लिने" निर्णय गरेको बताइन्छ (सेन २०६१ : ७६२) ।[२८]

विश्वविद्यालय स्थापनाबारे २०४३ र २०४४ सालमा विराटनगरमा जनस्तरमा मात्र नभै केन्द्रीय तह या काठमाडौँमा समेत बैठक, भेला, आदि आयोजना गरिएको पाइन्छ । उदाहरणका लागि २८ साउन २०४४ मा राष्ट्रिय पञ्चायतका तत्कालीन उपाध्यक्ष परशुराम राईले राष्ट्रिय पञ्चायतका माननीय उपाध्यक्षको कार्यालयमा "पूर्वाञ्चल विकास क्षेत्रमा विश्वविद्यालय खोल्ने सम्बन्धमा" मा छलफल गर्ने भनी एक कार्यक्रमको आयोजना गरेका थिए । त्यस्तै, विराटनगरबाट विश्वविद्यालय स्थापनाका लागि लबिङ गर्न जानेहरूको समूहले पनि काठमाडौँमा औपचारिक, अनौपचारिक तहमा विभिन्न गतिविधि गरेको थियो ।

माघ २०४४ मा राजा वीरेन्द्र पूर्वाञ्चल भ्रमणमा जाँदा पूर्वाञ्चलमा विश्वविद्यालय स्थापना गर्न पुनः माग गरिएको थियो । सोही वर्ष महेन्द्र मोरङ क्याम्पसको स्नातकोत्तर कार्यक्रमलाई विश्वविद्यालयको केन्द्रीय क्याम्पसको पूर्वाधार हुन सक्ने गरी "स्नातकोत्तर क्याम्पस" मा परिणत गरिएको थियो । ३२ साउन २०४६ मा कोशी अञ्चलका तत्कालीन अञ्चलाधीश दानबहादुर शाहीको अध्यक्षतामा बसेको ३० सदस्यीय बैठकले आदर्श शिशु निकुञ्जको स्वामित्वमा रहेको विराटनगर नगरपालिका वडा नं. १८ स्थित झण्डै ४ बिघा जमिन र १७ कोठाको भवन विश्वविद्यालय पूर्वाधार

[२८] भूपालमानसिंहले फागुन २०४३ मा बेलबारी पूर्व राजमार्ग दक्षिणको ५०० बिघा जंगलको जग्गा श्री ५ बाट विश्वविद्यालयलाई मागी लिने, जंगलको काठ काटी बेची आएको रकमबाट विश्वविद्यालयलाई आवश्यक पर्ने भवनहरूको निर्माण र विश्वविद्यालय सञ्चालन गर्ने, महेन्द्र राजमार्गको लाइनमा टाउन प्लानिङ गरी घडेरी बिक्री गरी आधुनिक शहर बसाउने, दक्षिण तिर करिव १०० बिघा जग्गामा कृषि कलेज खोल्ने प्रस्ताव गरेको सेनको आत्मकथामा उल्लेख छ (सेन २०६१) । यद्यपि यो प्रस्ताव पनि कार्यान्वयनमा गएको बुझिँदैन ।

विकास गर्न भनी स्नातकोत्तर क्याम्पसलाई दिइएको थियो । यी सबै गतिविधिले पञ्चायत व्यवस्थाको अन्तिम दिनसम्म पनि विराटनगरमा विश्वविद्यालय स्थापना गर्नका लागि केही न केही गतिविधि भइरहेको देखिन्छ (पोखेल, न्यौपाने र सुवेदी २०५६) । प्रायः जनस्तरबाट भएका यस्ता कसरतमा अञ्चलाधीश जस्ता स्थानीय तहमा राज्यका मुख्य व्यक्ति पनि संलग्न भएको पाइन्छ ।

### *तेस्रो चरण (वि.सं. २०४६–२०४९)*

२०४६ सालमा राजनीतिक परिवर्तन भयो । २०४६ सालको राजनीतिक परिवर्तनपछि निर्मित नयाँ संविधानले राजतन्त्रलाई संवैधानिक तुल्याएकाले पहिलेको भन्दा सिंहदरबार तुलनात्मक रूपमा बलियो भयो । यो परिवर्तनले अन्य क्षेत्रका साथै शिक्षा क्षेत्रमा पनि परिवर्तनको ढोका खोल्यो । खासगरी विश्वविद्यालय जस्ता नयाँ शैक्षिक संस्था स्थापना गर्ने-नगर्ने निर्णय प्रक्रियामा राजदरबारको भूमिका पहिलेको जस्तो नरहेकाले २०४६ सालपछि विश्वविद्यालय स्थापना गर्ने प्रयत्नले पनि नयाँ राजनीतिक परिवेशलाई आत्मसात गर्दै नयाँ सत्ताधारीसँग पहुँच पुऱ्याउन थाले ।

२०४६ सालपछि विराटनगरमा भएको विश्वविद्यालय स्थापनाको अभियानले यो तथ्यलाई प्रस्ट्याउँछ । विराटनगरमा १८ असार २०४८ मा नारायणप्रसाद कोइरालाको अध्यक्षतामा १८७ सदस्य "प्रस्तावित विश्वेश्वरप्रसाद कोइराला विश्वविद्यालय मूल समिति" र सोही समितिबाट कोइरालाकै अध्यक्षतामा ३९ सदस्य "विश्वविद्यालय प्रबन्ध समिति" गठन भएको देखिन्छ ।[२९] यो समितिको नाउँ र नेतृत्वकर्ता दुवै तथ्यले परिवर्तित राजनीतिक सन्दर्भलाई इंगित गर्दछ । पहिले-पहिलेका प्रयत्नमा विश्वविद्यालयको नाउँमा राजाहरूको नाउँ जोडिएको थियो भने पछिल्लो प्रयत्नमा पूर्व प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाको नाउँ जोडिएको देखिन्छ । त्यस्तै, पहिलेको समितिमा दरबारसँग पहुँच पुगेका व्यक्तिको नेतृत्व देखिन्छ भने पछिल्ला प्रयत्नमा तत्कालीन सरकारमा नेतृत्व गरिरहेको नेपाली कांग्रेस पार्टी र सो दलका प्रधानमन्त्रीसँग थप बलियो पहुँच पुऱ्याउन सक्ने व्यक्ति चयन गरिएको थियो ।

समिति गठन भैसकेपछि सो समितिले सोही वर्ष भदौमा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई भेटी विश्वविद्यालय स्थापनाको आवश्यकता र औचित्यबारे एक प्रतिवेदन पेश गरेको थियो । सो प्रतिवेदनले क्षेत्रफल र जनसंख्या, शिक्षामा जनसहयोगको परम्परा र सम्भावना, शिक्षण संस्थाको संख्या, शिक्षकहरूको एवं स्नातकोत्तर तहको शिक्षा प्राप्त गर्न इच्छुक एवं योग्य विद्यार्थीहरूको संख्या

[२९] यस मूल र प्रबन्ध समितिमा यसअघि गठन भएका अधिकांश समितिमा रहेका सदस्यहरू नै थिए । समितिका सदस्यहरूको नाउँका लागि पोखेल, न्यौपाने र सुवेदी (२०५६) हेर्नुहोस् ।

र शिक्षाप्रेमीहरूको सक्रियताको दृष्टिले पूर्वाञ्चलको विराटनगरमा विश्वविद्यालय स्थापना गर्नुपर्ने सुझाव दिएको थियो । प्रतिवेदनको सुझाव नं. २ मा भनिएको छ :

> राष्ट्रिय विकासको दृष्टिबाट शिक्षाक्षेत्रमा अपनाउनु पर्ने विकेन्द्रीकरणको नीति अन्तरगत त्रिभुवन विश्वविद्यालयको बोझ हलुका गराउने तथा प्रतिस्पर्धात्मक आधारमा शिक्षाको स्तर उच्च राख्ने लक्ष्यले देशमा बहुविश्वविद्यालय प्रणाली अंगाली दीर्घकालीन योजनाअनुसार विभिन्न विकास क्षेत्रमा विश्वविद्यालयहरूको स्थापना गर्दै जानु पर्ने । (पोखेल, न्यौपाने र सुवेदी २०५६ : ६१ मा उद्धृत)

यसअघि १४ फागुन २०४७ मा राष्ट्रिय शिक्षा आयोग गठन गरिएको थियो (राष्ट्रिय शिक्षा आयोग २०४९) । आयोगका सदस्य मोहनप्रसाद लाखेको संयोजकत्वमा सरस्वतीप्रसाद रिमाल, पन्नालाल प्रधान र लोकेन्द्रप्रसाद आचार्य सदस्य भएको बहुविश्वविद्यालय सम्भाव्यता अध्ययन टोली गठन भएको थियो । टोलीका संयोजक लाखे २०३९ सालमा गठन भएको शाही उच्च शिक्षा आयोगका सदस्य हुन्, जसको बहुविश्वविद्यालयसम्बन्धी धारणा अघिल्लो खण्डमा उद्धृत गरिसकिएको छ । टोलीका अर्का सदस्य आचार्य असार २०४८ गठित प्रस्तावित विश्वेश्वरप्रसाद कोइराला विश्वविद्यालय मूल समितिमा रहेका व्यक्ति हुन् । यो टोलीले “पूर्वाञ्चल विकास क्षेत्रको हकमा...विद्यार्थी संख्या, न्यूनतम जनशक्तिको उपलब्धता, जनसहभागिताको प्रशस्त सम्भावना र अन्य कतिपय पूर्वाधारहरूको पनि तुलानात्मक दृष्टिकोणले विकसित भइसकेको हुँदा हाललाई विराटनगरमा अवस्थित त्रिविका आंगिक क्याम्पस (महेन्द्र मोरङ) लाई आधार बनाइ खुल्ने विश्वविद्यालय थालनी गर्न सकिने” राय दिएको थियो (पोखेल, न्यौपाने र सुवेदी २०५६ : १३) । यो रायलाई राष्ट्रिय शिक्षा आयोग २०४९ ले आत्मसात गऱ्यो :

> वर्तमान प्रजातान्त्रिक वातावरणमा उच्च शिक्षाको अवसर देशका सबै क्षेत्रका योग्य र प्रतिभाशाली व्यक्तिहरूलाई उपलब्ध गराउन त्रिभुवन विश्वविद्यालयलाई विकेन्द्रित गरी त्रि.वि. का आंगिक क्याम्पसहरू र निजी क्याम्पसहरूलाई एकीकृत गरेर पूर्वाञ्चल, मध्यमाञ्चल र पश्चिमाञ्चलमा एक एक तथा मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चलका लागि एक गरी कम्तीमा चारवटा विश्वविद्यालयहरू खोलिनुपर्छ । (राष्ट्रिय शिक्षा आयोग २०४९ : ९५)

विराटनगरमा जनस्तरबाट विश्वविद्यालय स्थापना गर्न भइरहेका प्रयास र राष्ट्रिय शिक्षा आयोग २०४९ को सुझावलाई आधार मान्दै तत्कालीन सरकारले १५ पुस २०४९ गते महेश आचार्यको संयोजकत्वमा १५ सदस्य विश्वविद्यालय तयारी समिति गठन गऱ्यो । समितिमा सञ्चार राज्यमन्त्री, सांसदहरू भरतमोहन अधिकारी, श्यामलाल तवदार, आमोदप्रसाद उपाध्याय, मोरङ तथा सुनसरीका जिविस सभापति,

विराटनगर, धरान, इनरूवा नगरपालिकाका प्रमुख र नारायणप्रसाद कोइराला सहित थिए (पोखेल, न्यौपाने र सुवेदी २०५६) ।

तर यसबीच, मुख्य गरी २०४६ सालको राजनीतिक परिवर्तनपछि, त्रिविलाई केन्द्रमा राखी नेपालको उच्च शिक्षामा सुधार गर्नका लागि विश्व बैंक, युएनडिपी र नेपाल सरकार मिलेर “असेसमेन्ट अफ टर्सरी एजुकेशन इन नेपाल” (सन् १९९२-१९९५) परियोजनासमेत सुरु भएको थियो (पराजुली, उप्रेती र वन्त २०७२क) । प्राध्यापक कमलप्रकाश मल्लको संयोजकत्वको उक्त परियोजनाले १८ ओटा विभिन्न अध्ययन प्रतिवेदन पेश गरेको थियो जसमध्ये उच्च शिक्षाको क्षेत्रीयकरण (रिजनलाइजेसन) र उच्च शिक्षा व्यवस्थापनको विकेन्द्रीकरण प्रमुख थिए (मल्ल सन् १९९५) । सो प्रतिवेदनले चार विकास क्षेत्रमा एकएक ओटा प्रमुख (लिड) क्याम्पस बनाउने र अन्ततः ती क्याम्पसलाई विश्वविद्यालयमा स्तरोन्नति सपना पस्केको थियो । यसपछि नेपाल सरकार र विश्व बैंकबीच (पहिलो) उच्च शिक्षा परियोजना सुरु भयो जसबमोजिम पूर्वाञ्चल र पश्चिमाञ्चलमा ती स्थानमा रहेका क्याम्पसको क्लष्टर बनाइ अन्ततः तिनलाई विश्वविद्यालयमा रूपान्तरण गर्ने योजना थियो । तर केही समयपछि नै सरकारले पूर्वाञ्चल विश्वविद्यालय गठन गर्ने कदम चालेकाले पूर्वाञ्चलमा क्लष्टर कार्यक्रम खासै अगाडि बढेन । र, पूर्वाञ्चल विश्वविद्यालय (मंसिर २०५०) स्थापना भएपछि यो क्षेत्रमा क्लष्टर निर्माणको योजना पूर्णतः त्यागियो, जसले महेन्द्र मोरङ क्याम्पसलाई उक्त क्षेत्रको लिड क्याम्पसमार्फत विश्वविद्यालय बनाउने बाटो समाप्त पार्‍यो (अधिकारी र पराजुली सन् २०१४) ।

करिव तीन दशक लामो जनस्तरको प्रयास, सरकारी योजना, शिक्षा आयोगका सुझाव, आदि सबैमा मूल रूपमा महेन्द्र मोरङ क्याम्पसलाई स्तरोन्नति गरी विश्वविद्यालयमा रूपान्तरण गर्ने योजनालाई अगाडि बढाइएको थियो । तर पुस २०५० मा स्वीकृत भएको पूर्वाञ्चल विश्वविद्यालय ऐनमा सो क्षेत्रमा अवस्थित त्रिवि अन्तर्गतका आंगिक र अन्य क्याम्पसको समायोजन हुने-नहुने केही उल्लेख गरिएन, न महेन्द्र मोरङ क्याम्पसलाई विश्वविद्यालयको आधार क्याम्पसको रूपमा तोकियो ।[३०] यसको साथै पूर्वाञ्चल विश्वविद्यालयको लगानी के कहाँबाट कसरी प्राप्त हुन्छ त्यो पनि प्रस्ट गरिएन (अमात्य २०५३; वन्त, उप्रेती र पराजुली सन् २०१५) । यो ऐन पास भएपछि विराटनगर र पूर्वका शैक्षिक अभियन्ताहरूले लामो समयदेखि आफ्नो

[३०] २०६७ सालमा स्थापित कृषि तथा वन विज्ञान, मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्च विश्वविद्यालय स्थापना गर्दा भने सम्बन्धित विश्वविद्यालयका ऐनमा नै त्रिविका निश्चित क्याम्पसलाई विश्वविद्यालयका आधार क्याम्पसको रूपमा तोकिएको छ । यी विश्वविद्यालयका ऐन www.nepallawcommission.org मा उपलब्ध छन् ।

क्षेत्रमा विश्वविद्यालय स्थापना गर्न गरेका मागको सम्बोधन भयो । तर यो नयाँ विश्वविद्यालय पहिलेका विभिन्न प्रयासभन्दा भिन्न रूपमा आएकाले र विश्वविद्यालय शून्यबाट सुरु गर्नुपर्ने भएकाले यसले अन्योल पनि जन्मायो ।

महेन्द्र मोरङ क्याम्पसलाई स्तरोन्नति गरी विश्वद्यिालय बनाउने प्रयासले बाटो नपक्डनु एक हिसाबले अनौठो लागे पनि तथ्य के हो भने खासगरी २०४६ पछि उक्त क्याम्पसलाई नै विश्वविद्यालयमा रूपान्तरण गर्ने प्रयास क्रमशः कमजोर बन्दै गएको थियो र पहिलेको जस्तो मतैक्य थिएन । यसो हुनुमा त्रिविका आंगिक क्याम्पसलाई विश्वविद्यालयमा परिणत गर्ने सरकारी योजनाप्रति त्रिविको अरुचि महत्त्वपूर्ण भएको बताइन्छ ।[३१] सम्भवतः सोही कारण २०४६ सालपछि पूर्वाञ्चलमा विश्वविद्यालय स्थापना गर्ने सम्बन्धमा सरकारबाट गठित सम्भाव्यता अध्ययन समितिका प्रतिवेदनले पनि महेन्द्र मोरङ क्याम्पसलाई विश्वविद्यालयमा स्तरोन्नति गर्नेतर्फ जोडबल गरेनन् । उदाहरणका लागि प्रस्तावित विश्वेश्वरप्रसाद कोइराला विश्वविद्यालय प्रबन्ध समितिले १८ असार २०४८ मा बुझाएको प्रतिवेदनमा विराटनगर पूर्वाञ्चलको केन्द्र रहेकाले प्रस्तावित विश्वविद्यालय विराटनगरमा रहनुपर्ने भन्यो तर महेन्द्र मोरङ क्याम्पसलाई विश्वविद्यालयमा रूपान्तरण गर्ने यस अघिको प्रयत्नबारे मौन रह्यो । त्यस्तै, २४ भदौ २०४९ मा सरकारले नारायणप्रसाद कोइरालाको अध्यक्षतामा गठन गरेको सात सदस्यीय प्रस्तावित पूर्वाञ्चल विश्वविद्यालय कार्यसमितिको प्रतिवेदनले प्रस्तावित पूर्वाञ्चल विश्वविद्यालयको केन्द्रीय परिसर मोरङको विराटनगर वा आसपासको क्षेत्रमा स्थापित हुने, र विश्वविद्यालयले आवश्यकता अनुसार देशका अन्य भागमा आफ्ना शैक्षिक कार्यक्रम विस्तार गर्न सक्ने सुझाव दिएको थियो (पोखरेल, न्यौपाने र सुवेदी २०५६) ।[३२]

२०४८ सालमा काठमाडौँ विश्वविद्यालयको ऐन संसद्बाट पारित भएपछि पूर्वबाट विश्वविद्यालयका लागि लबिङ गरिरहेकाहरू पनि जुर्मुराए र आफ्ना जनप्रतिनिधिलाई विश्वविद्यालय स्थापना गर्न दबाब दिएका थिए ।[३३] महेन्द्र मोरङ क्याम्पसलाई विश्वविद्यालयमा रूपान्तरित गर्ने काम त्रिविसँग जोडिएको र त्रिविसम्बन्धितहरूको यो प्रकृयामा अरूचि भएकाले यो प्रक्रियाबाट विश्वविद्यालय बनाउने काम झञ्झटिलो र लामो हुने सम्भावना थियो । सम्भवतः यही कारण महेन्द्र मोरङ र स्नातकोत्तर

[३१] भेषप्रसाद धमलासँग ८ असोज २०७२ मा गरिएको कुराकानी । पोखरास्थित पृथ्वीनारायण क्याम्पसलाई विश्वविद्यालयमा स्तरोन्नति गर्न भएका असफल प्रयासबारे अधिकारी र पराजुली (सन् २०१४) हेर्नुहोस् ।

[३२] समितिका अन्य सदस्यमा मधुनिधि तिवारी, भोलाप्रसाद लोहनी, देवेन्द्र अग्रवाल, गोपालबहादुर कार्की, भेषप्रसाद धमला र मोरङ डिग्री कलेजका क्याम्पस प्रमुख (पदेन सदस्य) थिए ।

[३३] कृष्ण पोखेलसँग २०७३ जेठ र असार पहिलो हप्ता गरिएको कुराकानी ।

क्याम्पसलाई पूर्वाञ्चल विश्वविद्यालयमा रूपान्तरण गर्ने योजना थाँति राखियो । पूर्वाञ्चल विश्वविद्यालय स्थापनाको करिव पाँच वर्षपछि तत्कालीन अर्थमन्त्री महेश आचार्यले आर्थिक वर्ष २०५६/५७ को बजेट वक्तव्यमा "...यस आर्थिक वर्षमा त्रिभुवन विश्वविद्यालय अन्तर्गतको महेन्द्र मोरङ क्याम्पस तथा स्नातकोत्तर क्याम्पस विराटनगरलाई पूर्वाञ्चल विश्वविद्यालयमा र पृथ्वीनारायण क्याम्पस पोखरालाई पोखरा विश्वविद्यालयमा हस्तान्तरण गर्ने व्यवस्था मिलाइने" उल्लेख गरेका थिए (कान्तिपुर २०५६) । तर सरकारको यो योजना बाहिर आएपछि सम्बन्धित क्याम्पसहरू विरोधमा उत्रिए (शर्मा २०५६; हिमालय टाइम्स २०५६क, २०५६ख) र अन्ततः सो योजना त्यसै तुहियो ।

## विश्वविद्यालय स्थापना गर्न सक्रिय अभियन्ताहरू

महेन्द्र मोरङ कलेजलाई विश्वविद्यालयमा रूपान्तरणका लागि अभियान सञ्चालन गरेका प्रारम्भिक चरणका अभियन्ताहरूलाई हेर्ने हो भने उनीहरू गैरप्राज्ञिक तर आफ्नो क्षेत्रका सामाजिक-राजनीतिक हर्ताकर्ता एवं उद्योगी-व्यापारी भएको देखिन्छ। २८ माघ २०२३ मा विराटनगरमा उच्च शिक्षासम्बन्धी सम्भवतः पहिलो बैठक बसेको थियो जसले मोरङ उच्च शिक्षा विकास ट्रष्ट गठन गऱ्यो । यही बैठकले विराटनगरमा विश्वविद्यालय स्थापना गर्ने निर्णय समेत गरेको थियो । यो बैठकमा नौ जना सामेल थिए – मातृकाप्रसाद कोइराला, भूपालमानसिंह कार्की, जुद्धबहादुर श्रेष्ठ, मदनलाल अग्रवाल, शिवप्रसाद रिजाल, हंसराज गोल्छा, कालुराम अग्रवाल, तोलाराम दुगड र चन्द्रबहादुर पाण्डे । यो समूहमा दरबारका विश्वासपात्र, २००७ सालको राजनीतिक परिवर्तनपछि मुलुक सञ्चालनको नेतृत्व गरेका राजनीतिकर्मी, मुलुककै प्रतिष्ठित उद्योगपति र व्यापारिक घरानाका व्यक्तिको संगम देखिन्छ । उदाहरणका लागि नवगठित ट्रष्टका अध्यक्ष मातृकाप्रसाद कोइराला २००७ सालको राजनीतिक परिवर्तनपछि मुलुकको पहिलो नागरिक प्रधानमन्त्री हुन् र उनको दरबारसँग राम्रै पहुँच थियो ।[३४] ट्रष्टका उपाध्यक्ष भूपालमानसिंह कार्की के.आई. सिंहको मन्त्रिमण्डल (११ साउन–२९ कात्तिक २०१४) मा कृषि तथा खाद्य मन्त्री र सोही साल मंसिरमा सुवर्णशमशेर जंगबहादुर राणाको अध्यक्षतामा गठन भएको छ सदस्यीय मन्त्रिपरिषद्मा खाद्य, कृषि, वन र नहरमन्त्री थिए । त्यस्तै, २०२० सालदेखि कार्की राजसभा स्थायी समिति सदस्य थिए र पछि २०३४–२०४२ को

[३४] मातृकाप्रसाद कोइराला १ मंसिर २००८–३० साउन २००९ र २ असार २०१०–१ वैशाख २०१२ मा नेपालको प्रधानमन्त्री थिए ।

अवधिमा राजसभा स्थायी समितिका सभापति बने ।[३५] जुद्धबहादुर श्रेष्ठ, मदनलाल अग्रवाल, हंसराज गोल्छा, कालुराम अग्रवाल र तोलाराम दुगड मुलुककै प्रतिष्ठित व्यापारी घरानासँग सम्बन्धित व्यक्ति हुन् ।

यो ट्रष्टले पूर्वाञ्चलमा महेन्द्रको नाउँमा विश्वविद्यालय खोल्नका लागि ९ माघ २०२३ मा दरबारमा निवेदन दिन विराटनगरबाट एउटा प्रमण्डल पठाएको थियो । १४ सदस्य उक्त प्रमण्डलको नेतृत्व मातृकाप्रसाद कोइरालाले गरेका थिए ।[३६] यो टोलीमा ट्रष्टका नौ सदस्यबाहेक मोरङ जिल्ला पञ्चायतका तत्कालीन सभापति, मोरङ इन्टरमिडिएट कलेजका प्राचार्य, कोशी अञ्चलका अञ्चलाधीश, आदि सामेल थिए । यिनले राजनीति, सामाजिक र प्राज्ञिक क्षेत्रका अतिरिक्त उद्योग-व्यापार तथा स्थानीय सरकारलाई प्रतिनिधि गर्दथे ।

तर यो पहलकदमीले आशा गरिए अनुरूप प्रतिफल दिएन । त्यसपछि २०२६ सालमा २४ सदस्य विश्वविद्यालय स्थापना समिति गठन गरियो । यस समितिमा उच्च शिक्षा विकास ट्रष्टमा रहेका पदाधिकारीबाहेक विराटनगरका अर्का धनाढ्य र प्रभावशाली राजनीतिज्ञ नगेन्द्रप्रसाद रिजाल,[३७] तत्कालीन राष्ट्रिय योजना आयोगका उपाध्यक्ष शैलेशकुमार उपाध्याय, पूर्वाञ्चलबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय पञ्चायतका सात जना सदस्य,[३८] राजसभा सदस्य, कोशी अञ्चलका अञ्चलाधीश, मोरङ जिल्ला पञ्चायतका सभापति र १० जना व्यापारी तथा उद्योगपतिहरू थिए ।[३९] विश्वविद्यालय स्थापना गर्ने कार्यमा थप दबाब सिर्जना गर्न र विश्वविद्यालय स्थापना गर्न सबैको सहमति र अग्रसरता छ भनी तत्कालीन मुख्य शक्ति केन्द्र नारायणहिटी दरबारलाई देखाउनका लागि यस्तो प्रकृतिको समिति निर्माण गरिएको अनुमान गर्न सकिन्छ । यो समितिले १ पुस २०२६ मा तत्कालीन राजा महेन्द्रसमक्ष विश्वविद्यालय स्थापना गर्न पुनः बिन्तीपत्र हालेको थियो ।

[३५] भूपालमानसिंह कार्कीको जीवनयात्राबारे कार्की (२०५४) हेर्नुहोस् ।

[३६] अन्य सदस्यमा मदनलाल अग्रवाल, मोरङ व्यापार संघका सभापति; जुद्धबहादुर श्रेष्ठ, मोरङ उद्योग वाणिज्य संघका सभापति; कालुराम अग्रवाल, मोरङ रायस मील एसोसियसन सभापति; तोलाराम दुगड, नेपाल स्ट्राबोर्डका अध्यक्ष र हंसराज गोल्छा थिए ।

[३७] रिजाल १ साउन २०३०–१ मंसिर २०३२ र ७ चैत २०४२–२ असार २०४३ गरी दुई पटक नेपालको प्रधानमन्त्री बनेका थिए ।

[३८] सुरेन्द्रबहादुर बस्नेत, चैतुलाल चौधरी, उपेन्द्रबहादुर कार्की, हरकुमार सिंह, शंकरमानसिंह अधिकारी, लक्ष्मीराजभक्त नेपाली र विष्णुकुमार तुम्बाहाम्फे ।

[३९] मदनलाल अग्रवाल, मोरङ व्यापार संघका सभापति; जुद्धबहादुर श्रेष्ठ, मोरङ उद्योग वाणिज्य संघका सभापति; कालुराम अग्रवाल, मोरङ रायस मील एसोसियसन सभापति; तोलाराम दुगड, नेपाल स्ट्रबोर्डका अध्यक्ष र हंसराज गोल्छा ।

अघिल्लो खण्डमा उल्लेख गरेझैं २०२८ सालमा नयाँ शिक्षा योजना लागू भएपछि त्यसले स्थानीय अभियानलाई समाप्तप्रायः तुल्यायो । २०३९ सालको शाही उच्च शिक्षा आयोगको प्रतिवेदनपछि विराटनगरमा विश्वविद्यालय स्थापना अभियान पुनः जुर्मुरायो । यसपटक यो अभियानमा लाग्नेमा केही नयाँ अनुहार, जो पछिल्लो कालखण्डमा सामाजिक-राजनीतिक क्षेत्रमा उदाए, को पनि सक्रियता देखिन्छ, तर बहुसंख्या यसअघिका अभियन्ताहरू नै थिए । २०४० सालको दशकमा यो अभियानमा संलग्नहरूमा मातृकाप्रसाद कोइराला, भूपालमानसिंह कार्की, महेन्द्र मोरङ क्याम्पसका पूर्व प्राचार्य गोपालप्रसाद शर्मा, प्रतापनिधि शर्मा र विराटनगरका उद्योगपतिहरू दुगड, गोल्छा, अग्रवाल र श्रेष्ठ परिवारका व्यक्तिहरू देखिन्छन् । यीबाहेक अन्य प्रभावशाली व्यक्तिसमेत विश्वविद्यालय स्थापना अभियानमा एक वा अर्को हिसाबले सामेल भएको देखिन्छ । उदाहरणका लागि १३ माघ २०४३ मा पूर्वाञ्चलमा विश्वविद्यालय स्थापनाका लागि भनेर ३९ सदस्य विश्वविद्यालय स्थापना मूल समिति र १५ सदस्य कार्यसमिति गठन गरिएको थियो । यी समितिमा पूर्व प्रधानमन्त्रीहरू मातृकाप्रसाद कोइराला, सूर्यबहादुर थापा, कीर्तिनिधि विष्ट र नगेन्द्रप्रसाद रिजाल सहित पूर्वाञ्चलका राजसभा/राष्ट्रिय पञ्चायत सदस्य, मन्त्री, राज्यमन्त्री/सहायकमन्त्री र पूर्वाञ्चलका अञ्चलाधीश, आदि संलग्न देखिन्छन् ।

भूपालमानसिंह कार्कीका अध्यक्षतामा गठन भएको विश्वविद्यालय स्थापना व्यवस्थापन कार्यसमितिमा प्रतापनिधि शिर्मा, मदनलाल अग्रवाल, मेघराज शर्मा, मार्कण्डेय आचार्य, राजकुमार पोखेल र उद्योगपतिहरू हंशराज गोल्छा, किशनलाल दुगड र मदनलाल अग्रवाल, आदि थिए । त्यस्तै विश्वविद्यालय स्थापना व्यवस्थापन मूल समितिमा हुलासचन्द गोल्छा, जयकिसन राठी, तोलाराम दुगड, गोपालप्रसाद शर्मा र नारायणप्रसाद कोइराला सहित मोरङ उद्योग तथा व्यापार संघका प्रतिनिधिको सहभागिता थियो । समितिमा प्राध्यापकहरूको अलि ठूलो उपस्थितिले यसअघिका समितिभन्दा यो समिति केही फरक देखिन्छ । उदाहरणको लागि, मूल समितिमा महेन्द्र मोरङ क्याम्पसका तत्कालीन क्याम्पस प्रमुख ध्रुवनारायण दास, जनता कानुन क्याम्पसका पूर्व क्याम्पस प्रमुख भेषप्रसाद धमला, सोही क्याम्पसका तत्कालीन प्रमुख विश्वेश्वरप्रसाद रिजाल, आदर्श क्याम्पसका प्रमुख गुणराज ढुंगेल, कन्या क्याम्पसका प्रमुख नेत्रबहादुर श्रेष्ठ, महेन्द्र क्याम्पस, धरानका पूर्व प्राचार्य महाप्रसाद रिजाल, मेची बहुमुखी क्याम्पसका पूर्व प्रिन्सिपल भोजमानसिंह (जगतबन्धु) कार्की र प्राध्यापकहरू राजकुमार पोखेल (त्रिवि), महेन्द्रप्रसाद रिजाल (जनता कानुन क्याम्पस)

रहेका थिए ।[४०] मूल समिति, कार्यसमिति र सल्लाहकार समितिमा बसेका व्यक्ति राज्य सञ्चालनको नेतृत्व गरेका, मुलुककै प्रतिष्ठत उद्योगपति/व्यापारी, शिक्षण संस्थामा लामो समय बिताएका पूर्वाञ्चलका गन्यमान्य व्यक्तिहरू हुन् । समष्टिमा उनीहरू राजनीतिक तथा आर्थिक रूपमा शक्तिशाली थिए भने विभिन्न सार्वजनिक पदमा बहाल भएकाले उनीहरूको समाजमा पनि दबदबा थियो ।

तर जेजति प्रभावशाली भए पनि २०४६ सालअघि उनीहरूले विराटनगरमा विश्वविद्यालय खोल्न गरेको प्रयास सफल भएन । २०४६ सालको राजनीतिक परिवर्तनपछि विश्वविद्यालय अभियानलाई अगाडि बढाउनेमा पनि अधिकांश २०४३ सालको मूल समितिमा रहेका व्यक्ति नै देखिन्छन्, यद्यपि केही नयाँ अनुहार तथा समितिको स्वरूपमा पनि परिवर्तन देख्न सकिन्छ । १८ असार २०४८ मा गठन भएको प्रस्तावित विश्वेश्वरप्रसाद कोइराला विश्वविद्यालय मूल समितिको अध्यक्षमा नारायणप्रसाद कोइराला चयन भए भने उपाध्यक्ष र सचिवमा क्रमशः मार्कण्डेय आचार्य र भेषप्रसाद धमला छानिए । १८७ सदस्यीय यो समितिमा २०२३ सालबाट विश्वविद्यालय स्थापनामा क्रियाशील अधिकांश व्यक्तिका अतिरिक्त पूर्वाञ्चल क्षेत्रका विशेषगरी नेपाली काँग्रेससँग आबद्ध नेताहरू नोना कोइराला, आमोदप्रसाद उपाध्याय, शैलजा आचार्य, महेश आचार्य, श्यामलाल तवदार, शेखर कोइराला, चक्र बाँस्तोला, कृष्ण सिटौला, जयप्रकाश आनन्द, केबी गुरुङ, विजय गच्छदार, आदि सामेल थिए । यो समितिको नेतृत्व र समितिका अन्य सदस्यको राजनीतिक झुकाव, सक्रियता एवं पहुँचले परिवर्तित राजनीतिक सन्दर्भलाई प्रस्ट बनाउँथ्यो । अघिल्ला समितिमा खासगरी दरबार र पञ्चायतमा हालीमुहाली भएकाहरूको नेतृत्व र बाहुल्य थियो भने पछिल्लोमा त्यस समयको सबैभन्दा बलियो दल नेपाली काँग्रेस सम्बद्ध अथवा त्यो दलमा पहुँच पुग्नेहरूको सक्रियता देखिन्छ ।

## 'नाउँ' को राजनीति

माथिल्ला खण्डमा भनिसकिएको छ, विराटनगरमा विश्वविद्यालय खोल्न जो-जो व्यक्ति लागिपरेका थिए उनीहरूको तत्कालीन राज्यसंयन्त्रमा पहुँच थियो र धेरै हदसम्म राजदरबारलाई रिझाउन सक्ने या रिझाएकाहरू थिए । उनीहरूले दुवै शक्ति केन्द्र, नारायणहिटी दरबार र सिंहदरबार, ले कसरी काम गर्छ र के गऱ्यो भने या के तिकडम लगायो भने, अथवा कती चाकरी पुऱ्यायो भने आफ्नो काम फत्ते हुन्छ भन्ने

[४०] समितिमा रहेका ध्रुवनारायण दास र भेषप्रसाद धमला पूर्वाञ्चल विश्वविद्यालयको स्थापनापश्चात् क्रमशः उपकुलपति र रजिष्ट्रार नियुक्त गरिए ।

कुरा बुझेका थिए ।[४१] त्यसैले, प्रारम्भिक चरणमा पूर्वमा विश्वविद्यालय स्थापनाको प्रयत्न गर्नेहरूले तत्कालीन राजा महेन्द्रको नाउँमा विश्वविद्यालय स्थापना गर्ने निर्णय गरेका थिए । त्यतिमात्र होइन, २०१२ सालमा विराटनगरमा स्थापना गरिएको मोरङ इन्टरमिडिएट कलेजको नाउँलाई महेन्द्र मोरङ कलेजमा परिवर्तन गर्न उनीहरूले राजदरबारमा बिन्ती चढाएका थिए, जसलाई अन्ततः विश्वविद्यालयमा रूपान्तरण गर्ने उनीहरूको योजना थियो । राजाको नाउँमा शैक्षिक या अन्य संस्था स्थापना गर्दा दुइटा फाइदा हुन्थ्यो : एक, योजनाको हम्मेसी कसैले विरोध गर्दैनथ्यो, किनकि त्यस्तो विरोध अन्ततः राजाकै विरोधका रूपमा अर्थ्याइन सक्थ्यो । दुई, नारायणहिटी दरबारमा चाकरी पुग्थ्यो र दरबारबाट सकारात्मक संकेत आउने वित्तिकै कामले गति लिन्थ्यो (पराजुली सन् २००९) ।[४२] यिनै कारणले गर्दा मोरङ उच्च शिक्षा विकास ट्रष्टका तर्फबाट २०२३ सालमा महेन्द्रलाई चढाएको बिन्तीपत्रमा "...विराटनगरमा सरकारका नाउँमा विश्वविद्यालय खोल्ने हाम्रो अन्तिम लक्ष्य हो" उल्लेख गरियो (पोखेल, न्यौपाने र सुवेदी २०५६ : २३) ।

महेन्द्रको कार्यकालमा उनका सचिवहरूमार्फत सरकारलाई पठाइएका चिठी हेर्दा दरबार विराटनगरमा महेन्द्र विश्वविद्यालय स्थापना गर्नेमा नकारात्मक थिएन जस्तो देखिन्छ । तर महेन्द्रको कार्यकालमा सो कार्य सम्पन्न हुन सकेन । उनको देहावसान र राष्ट्रिय शिक्षा पद्धतिको योजना (नयाँ शिक्षा) लागू हुने समय करिव उही रहेकाले वीरेन्द्रको राज्यारोहण लगत्तै नयाँ विश्वविद्यालयको कुरा हरायो । तर २०३९ सालको राष्ट्रिय उच्च शिक्षा आयोगको प्रतिवेदनपछि विराटनगरवासी फेरि जुर्मुराए । यस पटक अभियान चलाउनेहरूमा पनि उही पहिलो चरणका अभियन्ताहरूकै बाहुल्य थियो । परिवर्तित सन्दर्भमा उनीहरूले महेन्द्रको स्थानमा वीरेन्द्र विश्वविद्यालय नाउँ राखेर अभियान अगाडि बढाउँदा सफल हुने सम्भावना देखे । यसबीच २०४३ सालमा दाङमा महेन्द्र संस्कृत विश्वविद्यालय स्थापना भैसकेपछि त झन् विराटनगरमा स्थापना गरिने विश्वविद्यालयको नाउँ तत्कालीन राजा वीरेन्द्रका नाउँमा राख्नुपर्ने ठहर उनीहरूले गरे । सोही क्रममा १३ पुस २०४३ मा बसेको बैठकले ३९ सदस्यीय विश्वविद्यालय स्थापना मूल समिति स्थापना गर्दै चार ओटा प्रस्ताव पारित गरेको थियो । तीमध्ये प्रस्ताव नं. ४ मा विश्वविद्यालयको नाउँबारे यस्तो निर्णय भएको देखिन्छ :

[४१] नेपाली समाजमा चाकरी प्रथाबारे विष्ट (सन् १९९१) र सुवेदी (सन् २०१४) हेर्नुहोस् ।

[४२] पञ्चायतकालमा पञ्चहरूले मात्रै होइन, विरोधीहरूले पनि आफ्ना संस्थालाई सत्ताधारीहरूको वक्रदृष्टिबाट जोगाउन यस्तो रणनीति उपयोग गरेको पाइन्छ (हेर्नुहोस् पराजुली सन् २००९) ।

> श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव शिक्षाको विकासका लागि निरन्तर दत्तचित्त होइबक्सिन्छ।...विराटनगरमा प्रस्तावित विश्वविद्यालय शिक्षाप्रेमी राष्ट्रनायक श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकारका शुभ नाउँमा वीरेन्द्र विश्वविद्यालय नामाकरण गर्नु अत्यन्त गौरवको विषय हो । यसबाट मौसूफको पुण्य सुकीर्ति फैलिनुका साथै यसक्षेत्रमा काम गर्ने कार्यकर्ताहरूमा ठूलो प्रेरणा प्राप्त हुने अटल विश्वास हामीले लिएका छौं । स्व. श्री ५ जिजू वुवा त्रिभुवन वीरविक्रम शाहदेव सरकारका शुभ नाउँमा त्रिभुवन विश्वविद्याल स्थापना भएको र स्व. श्री ५ बुबा महेन्द्र वीरविक्रम शाहदेव सरकारका शुभ नाउँमा महेन्द्र संस्कृत विश्वविद्यालय हालै स्थापना भएको सन्दर्भमा विचार गर्दा पनि पूर्वाञ्चलमा प्रस्तावित विश्वविद्यालय श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकारका शुभ नाउँमा हुनुपर्ने समस्त नेपालीहरूको आकांक्षा रहेको छ। (पोखेल, न्यौपाने र सुवेदी २०५६ : ४५–४६)

माथि उद्धृत निर्णयले तत्कालीन अभियन्ताहरू राजा र दरबारको चाकरी गर्दै आफ्नो विश्वविद्यालय निर्माण अभियानलाई अगाडि बढाउन चाहन्थे भन्ने प्रस्ट हुन्छ। हजुरबुबा र बुबाको नाउँमा विश्वविद्यालय (त्रिभुवन र महेन्द्र) स्थापना भै सुकीर्ति फैलिरहेको छ, अब तपाईंको पनि सुकीर्ति फैलाउन वीरेन्द्र विश्वविद्यालय खोल्न आवश्यक छ भनी अभियन्ताहरू तत्कालीन राजालाई भनिरहेका थिए। विराटनगरमा वीरेन्द्र विश्वविद्यालय स्थापना गर्ने चर्चा २०४६ सालसम्म भएको देखिन्छ । २०४६ सालमा बदलिएको राजनीतिक परिवेशको प्रतिच्छायाँ विराटनगरमा विश्वविद्यालय बनाउन उद्यतहरूको समूहमा पनि पर्‍यो। त्यसमाथि विराटनगरकै बासिन्दा र नेपाली काँग्रेसका तत्कालीन महामन्त्री गिरिजाप्रसाद कोइराला प्रधानमन्त्रीमा निर्वाचित भएका थिए। त्यसैले विश्वविद्यालय अभियानका अभियन्ताहरूले नयाँ रणनीति अपनाए। अब कोइराला परिवारसँग नजिक र प्रभाव पार्न सक्ने व्यक्ति नारायणप्रसाद कोइरालाको नेतृत्वमा नयाँ विश्वविद्यालय स्थापना समिति बन्यो । र, सँगै विश्वविद्यालयको नाउँमा पनि उनीहरूले परिवर्तन गरे । पहिले, पञ्चायतकालमा, सक्रिय राजा वीरेन्द्रको नाउँ उनीहरूलाई उपयुक्त जँचेको थियो, पछि विश्वेश्वरप्रसाद कोइरालाको नाउँ उपयोगी भयो । सोही अनुरूप १८ असार २०४८ मा नारायणप्रसाद कोइराला अध्यक्षतामा नयाँ "प्रस्तावित विश्वेश्वरप्रसाद कोइराला विश्वविद्यालय प्रबन्ध समिति"[४३] गठन गरियो। समितिले तत्कालीन प्रधानमन्त्री कोइरालालाई १३ भदौ २०४८ मा बुझाएको प्रतिवेदनमा विश्वविद्यालयको नाउँबारे यस्तो लेखियो :

[४३] ३९ सदस्यीय यो समितिका सदस्यको नामावलीका लागि पोखेल, न्यौपाने र सुवेदी (२०५६: ४६) हेर्नुहोस्।

> नेपालको स्वाभिमान र नेपाली जनताको प्रजातान्त्रिक अधिकार एवम् आर्थिक विपन्नताबाट उन्मुक्तिका लागि आजीवन संघर्षरत रही जनआस्थाको अद्वितीय सम्मान प्राप्त गरी नेपालको परिचयात्मक, पर्यायका रूपमा विश्वप्रसिद्ध, गम्भीर अध्येता, महान् विचारक, नेपाली राजनीतिका केन्द्रबिन्दु, विख्यात साहित्य स्रष्टा, जनमनका नायक महामानव भूतपूर्व प्रधानमन्त्री श्री विश्वेश्वरप्रसाद कोइरालाको कर्मभूमी विराटनगरमा उहाँको स्मृतिमा विश्वविद्यालय स्थापना होस् भन्ने जनचाहना भएकाले एवम् महान व्यक्तित्वका स्मृतिमा विशेष कार्य गरिने परम्परा अन्य देशहरूमा समेत रहेको र उहाँजस्ता विलक्षण प्रतिभा कुवेर, सिद्धान्तनिष्ट, त्यागी र यस शताब्दीको अनन्य नेपाली व्यक्तित्वको कीर्तिआलोकबाट मुलुकलाई उत्प्रेरित गर्दै लैजानाले हाम्रो भविष्यलाई सुदृण र सक्षम बनाउन सकिने समेत विचारबाट पूर्वाञ्चलको विराटनगरमा स्थापना हुने विश्वविद्यालयको नाम "श्री विश्वेश्वरप्रसाद कोइराला विश्वविद्यालय" राख्नु उपयुक्त हुने । (पोखेल, न्यौपाने र सुवेदी २०५६ : ६३)

विराटनगरमा स्थापना हुने विश्वविद्यालयको नाम विश्वेश्वरप्रसाद कोइरालाका नाउँबाट राखिनुपर्छ भनी प्रतिवेदन निर्माण गर्नेमध्येका अधिकांश सदस्यलगायत समितिका अध्यक्ष कोइराला स्वयं २०४३ सालमा विश्वविद्यालयको नाउँ वीरेन्द्र राख्नका लागि वकालत गर्नेहरू हुन् । २०४६ सालको राजनीतिक परिवर्तनपछि बीपी कोइरालाका नाउँमा विश्वविद्यालय स्थापना गर्ने काम राजा वीरेन्द्रको नाउँमा भन्दा बढ्ता सहज र परिवर्तित सन्दर्भमा बढी स्वीकार्य हुने उनीहरूले ठानेको देखिन्छ ।

यसबीच सरकारले सोही प्रबन्ध समितिका अध्यक्ष नारायणप्रसाद कोइरालाको संयोजकत्वमा २६ मंसिर २०४९ मा सात सदस्यीय कार्यदल गठन गरेको थियो । तर, सो कार्यदलले करिव महिना दिन लगाएर बुझाएको प्रतिवेदनमा भने विश्वविद्यालय नाउँ सुझाएन । प्रतिवेदनमा लेखिएको थियो, "यस विश्वविद्यालयको नामकरण जनआकांक्षा समेतलाई ध्यानमा राखी कुनै ख्यातिप्राप्त राष्ट्रिय व्यक्तित्वको नाममा हुनु उचित हुनेछ ।" तर बीपीकै सहोदर भाइ प्रधानमन्त्री हुँदा र नेपाली काँग्रेसको सुविधाजनक बहुमतको सरकार रहँदा समेत विश्वविद्यालयको विधेयक बनेर संसद्मा प्रस्तुत गरिँदा नाउँ प्रबन्ध समितिले सुझाएझैं विश्वेश्वरप्रसाद कोइराला विश्वविद्यालय होइन कि पूर्वाञ्चल विश्वविद्यालय राखियो । यहाँनेर कुनै व्यक्तिविशेषको नाउँलाई छाडेर, अथवा आफूले जननायक भन्ने गरेका बीपी कोइरालाको नाउँ त्यागेर किन गिरिजाप्रसाद कोइरालाको नेतृत्वको सरकारले अलि तटस्थ लाग्ने नाउँ चयन गऱ्यो होला भन्ने प्रश्न उब्जन्छ । तर हामीले तत्कालीन समयको राजनीतिक परिवेश र शक्ति बाँडफाँटलाई ध्यान दिएर हेऱ्यौँ भने यो तटस्थ जस्तो लाग्ने नाउँ रणनीतिक रूपमा चयन गरिएको थियो भनेर बुझ्न सकिन्छ । माथि उल्लेख गरिए झैं २०४६ सालको राजनीतिक परिवर्तनपछि सत्ताको बागडोर दलहरूमा आइपुगे पनि परम्परागत शक्तिको दरबार अझै शक्तिशाली नै थियो ।

र, संवैधानिक व्यवस्था अनुसार संसद्‌बाट पारित भएर लालमोहरका लागि जाने सबै विधेयक स्वीकृत भएर आउनु पर्ने प्रावधान थियो। त्यसैले बीपी कोइरालाको नाउँमा विश्वविद्यालय स्थापना गर्ने विधेयकलाई दरबारले लट्काइदिन सक्ने उनीहरूको आकलन देखिन्छ।[४४] किनकि सो विश्वविद्यालय यसअघि वीरेन्द्रको नाउँमा प्रस्तावित थियो र पछि बीपीको नाउँमा स्थापना गर्दा दरबार खुसी नहोला भनेर तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला लगायतले भनेको र सोही बमोजिम नाउँ पूर्वाञ्चल चयन गरिएको एकथरीको भनाइ छ। त्यसो गर्दा दरबार तथा तत्कालीन प्रतिपक्षी दल नेपाल कम्युनिष्ट पार्टीको समेत विश्वविद्यालय विधेयक पारित गर्ने कार्यमा असहयोग नहुने उनीहरूको ठम्याइ थियो, जुन सही सावित भयो।[४५] र, २०५० सालमा अन्ततः लामो समयको प्रतीक्षापछि पूर्वाञ्चल विश्वविद्यालयको औपचारिक गठन गर्ने बाटो खुल्यो।

## निष्कर्ष

यो लेखमा नेपालको पूर्वी क्षेत्रमा मूलतः पञ्चायतकालमा विश्वविद्यालय स्थापना गर्न जनस्तरबाट भएका असफल प्रयत्नहरूको चर्चा गरियो। त्यस्तै, जनस्तरका प्रयत्नमा प्रयुक्त रणनीति र ती प्रयत्नमाथि राज्यको प्रतिक्रियालाई पनि यो लेखमा विश्लेषण गरियो। माथिल्ला खण्डमा गरिएका चर्चा र विश्लेषणबाट केही निष्कर्ष निकाल्न सकिन्छ। पहिलो, नेपालको पहिलो विश्वविद्यालय त्रिवि स्थापना भएको एक दशक पनि नपुग्दै स्थानीय अभियन्ताहरू आ-आफ्ना क्षेत्रमा विश्वविद्यालय स्थापन गर्ने परिकल्पना बोकेर सामूहिक प्रयत्नमा जुटेका थिए। २०२२ सालमा योगी नरहरिनाथको अगुवाइमा दाङमा नेपाल संस्कृत विश्वविद्यालयका लागि र २०२३ सालमा मातृकाप्रसाद कोइरालालगायतको अगुवाइमा विराटनगरमा तत्कालीन मोरङ इन्टरमिडिएट कलेजलाई स्तरोन्नति गरी विश्वविद्यालय खोल्ने प्रयत्न यसका उदाहरण हुन्। यी उदाहरणले नेपालमा बहुविश्वविद्यालयको अवधारणाले २०२० को दशकमै प्रवेश पाइसकेको पुष्टि हुन्छ।

दोस्रो, पञ्चायतकालमै पनि राज्यसंयन्त्रमा पहुँच पुग्दैमा सार्वजनिक संस्थाहरू स्थापना गर्न सकिँदैनथ्यो भन्ने यस्ले देखाउँछ। विराटनगरमा विश्वविद्यालय खोल्न जुटेकाहरूको तत्कालीन दुवै शक्ति केन्द्र – नारायणहिटी दरबार र सिंहदरबार – मा

[४४] संसद्ले पारित गरेको तर दरबारले नरुचाएर विधेयक यसै झुलाएर राखेको उदाहरण छ। नागरिकतासम्बन्धी विधेयकमा वीरेन्द्रले सही नगरी झुलाएका थिए (हेर्नुहोस्, यादव २०६०; गौतम सन् २००८)।

[४५] समितिमा रहेका व्यक्तिहरूसँग गरिएको कुराकानीमा आधारित।

सीधा पहुँच थियो । र, उनीहरूले कसरी दरबारलाई या शक्तिकेन्द्रलाई रिझाउन सकिन्छ भनेर रणनीतिक चाल पनि चलेका थिए । खासगरी उनीहरूले नाउँमा खेलेको राजनीतिले त्यो देखाउँछ । यद्यपि, उनीहरू पञ्चायतकालमा विराटनगरमा विश्वविद्यालय खोल्न असफल भए ।

त्रिविको स्थापनापछि मुलुकका अन्य भू-भाग (खासगरी विराटनगर र दाङ) मा विश्वविद्यालय खोल्न जनस्तरमा गरिएका प्रयत्नको विवरणले राजदरबारको भूमिकामा विरोधाभास मात्र होइन विसंगति नै देखिन्छ । राजदरबार र विश्वविद्यालय स्थापना गर्न जुटेका समूहबीचमा भएको चिठी/बिन्तीपत्रको आदानप्रदान हेर्दा २०२३ सालदेखि २०२७ सालसम्म विराटनगरमा विश्वविद्यालय खोल्नेबारे दरबारले सकारात्मक सन्देश प्रवाह गरिरहेको थियो । त्यति हुँदाहुँदै पनि विश्वविद्यालय स्थापना नभएको तथ्यले मुलुकका अन्य भागमा अन्य विश्वविद्यालय स्थापना गर्ने सम्बन्धमा नारायणहिटी दरबारको सकारात्मकता कति वास्तविक थियो भन्ने प्रश्न उब्जाउँछ । त्यसमाथि २०२८ सालमा राजदरबारको विशेष सक्रियतामा नयाँ शिक्षा पद्धतिको योजना सुरु गरियो । यसपछि मुलुकका सबै उच्च शिक्षण संस्था त्रिविअन्तर्गत ल्याइयो र राज्यबाहेक कसैले पनि उच्च शिक्षण संस्था (विश्वविद्यालय/महाविद्यालय) खोल्न नपाउने नीति बनाइयो । यो योजनापछि सामुदायिक अग्रसरतामा नेपालमा थप विश्वविद्यालय खोलिने सम्भावना सकियो । र, त्यससम्बन्धी बहस समेत विलुप्त भयो ।

शिक्षालाई राष्ट्रियकरण र केन्द्रीकरण गर्न राजदरबार किन उद्यत् भयो भन्नेबारे थप अनुसन्धान आवश्यक छ । तर अहिले सहजताका साथ के भन्न सकिन्छ भने विराटनगरमा विश्वविद्यालय खोल्ने सम्बन्धमा (विशेष गरी वि.सं. २०२३–२०२७ को अवधिमा) दरबारले सकारात्मक सन्देश प्रवाह गरिरहनुमा तत्कालीन राजनीतिक परिस्थितिको बाध्यता थियो । दरबार र विश्वविद्यालय खोल्न चाहने समूहको सम्बन्धलाई अध्ययन गर्दा यो निष्कर्षमा पुग्न सकिन्छ । चाहे ती संस्कृत विश्वविद्यालयका अभियन्ता योगी नरहरिनाथ हुन् या विराटनगरका अभियन्ता भूपालमानसिंह कार्की, उनीहरू पञ्चायती शासन प्रणालीका बलिया खम्बा थिए । आफ्ना वफादारहरूको अभियानविरुद्ध जाने स्वतन्त्रता एकछत्र शासन गरिरहेका राजा महेन्द्रलाई पनि थिएन । तसर्थ, ती अभियानप्रति दरबार सकारात्मक छ भन्ने सन्देश पञ्चायत संस्थागत नभएसम्म प्रवाह गरिरहनु राजा महेन्द्रको राजनीतिक बाध्यता थियो । त्यसमाथि त्रिवि संस्थागत नभएसम्म मुलुकका अन्य भागमा विश्वविद्यालय स्थापना गर्नु हुन्न भन्नेमा सुरुबाटै त्रिविसँग आबद्धहरूको जोड रह्यो, जसलाई सहजै

लत्याउन अप्ठ्यारो थियो।[४६] यीबाहेक, अन्य सम्भावित कारणहरूमा आर्थिक/वित्तीय र प्राज्ञिक पूर्वाधार प्रमुख थिए जसबारे थप अनुसन्धान आवश्यक छ।[४७]

## कृतज्ञता

नेपालको उच्च शिक्षा सुधारसम्बन्धी अध्ययन गर्न मार्टिन चौतारीलाई ओपन सोसाइटी फाउण्डेशनले दिएको सहयोगबाट यो लेख सम्भव भएको हो। लेखको मस्यौदा पढी सुझाव, टिप्पणी दिनुहुने प्रत्यूष वन्त, सूर्यलाल अमात्य, त्रिरत्न मानन्धर, कृष्ण पोखेल र लोकरञ्जन पराजुलीप्रति आभार व्यक्त गर्न चाहन्छु। अनुसन्धानको क्रममा आवश्यक सूचना र समय दिनुहुने बालकृष्ण पोखेल, कृष्ण पोखेल, मेदिनीप्रसाद शर्मा, खगेन्द्रप्रसाद आचार्य, भेषप्रसाद धमला, राधाप्रसाद घिमिरे, प्रमोद प्रधान, बासुदेवलाल दास, अनिल पोखेल, विजय मिश्र, केशरबहादुर विष्ट, प्रमोद भट्ट, अर्जुन पन्थी, प्रणव खरेल र सूर्यबहादुर सेन ओली (सूवसेन) प्रति कृतज्ञ छु। विशेषगरी यो लेख तयार पार्न विराटनगरबाट दधिराज सुवेदी, मेदिनीप्रसाद शर्मा र काठमाडौँमा त्रिरत्न मानन्धर र कृष्ण पोखरेलको सहयोग रह्यो उहाँहरूलाई पनि विशेष धन्यवाद। अध्ययन सामाग्री जुटाउन सहयोग गर्ने शरद सुवेदी, विमलप्रसाद शर्मा, भास्कर गौतम, आनन्द भट्टराई र रमेश निरौलाप्रति कृतज्ञ छु। लेखमा रहेका कमीकमजोरी सबै मेरा हुन्।

## सन्दर्भसूची

अधिकारी, कृष्ण र लोकरञ्जन पराजुली। सन् २०१४। पोखरामा विश्वविद्यालय स्थापनार्थ भएका प्रयास र उच्च शिक्षाको राजनीति। *स्टडीज इन नेपाली हिष्ट्री एण्ड सोसाइटी* १९(२) : ३२३–३४५।

अमात्य, सूर्यलाल। २०५३। बहुविश्वविद्यालय स्थापनाका सन्दर्भमा पूर्वाञ्चल तथा पश्चिमाञ्चल विश्वविद्यालय। विश्वविद्यालय अनुदान आयोगद्धारा ६ असार २०५२ मा आयोजित गोष्ठीमा प्रस्तुत छलफलपत्र। *विश्वविद्यालय अनुदान आयोग, वार्षिक प्रतिवेदन (२०५१/५२–२०५२/५३)*। पृ. ५८–६०। काठमाडौँ : विश्वविद्यालय अनुदान आयोग।

[४६] नयाँ विश्वविद्यालय स्थापना गर्ने सन्दर्भमा त्रिविको भूमिका के-कस्तो थियो भन्नेबारे यस लेखमा धेरै चर्चा गरिएको छैन् तर पछिल्ला समयमा नयाँ विश्वविद्यालय स्थापना र सञ्चालन गर्दा त्रिविले असहयोग गरेका उदाहरण छन् (हेनुहोस् पराजुली, उप्रेती र वन्त २०७२ख)।

[४७] विश्वविद्यालय जस्तो शैक्षिक संस्था निर्माण तथा सञ्चालनका लागि ठूलो र निरन्तर लगानी आवश्यक पर्छ, जसका लागि राज्यको इच्छा र सामर्थ्य दुवै चाहिन्छ। राणाकालको उत्तरार्धमा नेपालमा विश्वविद्यालय स्थापनाका लागि प्रयत्न गरिए तापनि त्यसले मूर्त रूप नपाउनमा आर्थिक कारणसमेत प्रमुख रहेको पराजुली (सन् २०१४) को तर्क छ।

आचार्य, माधवराज । २०४६ । सम्झना प्रताप दाइका : शैक्षिक पृष्ठभूमिमा । *प्रतापनिधि शर्मा स्मृतिग्रन्थ* । दधिराज सुवेदी, सं., पृ. २६–३१ । विराटनगर : प्रतिभा पुरस्कार प्रतिष्ठान ।

उपाध्याय, पुरुषोत्तमप्रसाद । २०५९ । *त्रिभुवन विश्वविद्यालय : विगतदेखि वर्तमानसम्म* । काठमाडौँ : वीना उपाध्याय ।

उप्रेती, त्रैलोक्यनाथ । २०६१ । *विगतका पाना* । काठमाडौँ : श्रीमती सत्यवती उप्रेती ।

उप्रेती, देवेन्द्र । २०७२ । मध्यपश्चिममाञ्चल विश्वविद्यालय : पृष्ठभूमि र स्थापनापछिका पाँच वर्ष । अप्रकाशित दस्तावेज, मार्टिन चौतारी, काठमाडौँ ।

कान्तिपुर । २०५६ । अर्थमन्त्री महेश आचार्यद्वारा प्रस्तुत आ.व. २०५६/५६ को वार्षिक बजेटका प्रमुख अंशहरू । २८ असार, पृ. ९–१० ।

कार्की, भूपालमानसिंह । २०५४ । *मेरो जीवनयात्रा* । काठमाडौँ : नइ प्रकाशन ।

खड्का, विष्णुकुमार । २०६८ । मध्यपश्चिमाञ्चल विश्वविद्यालयमा सुर्खेत क्याम्पस (शिक्षा) समायोजनको सवाल । सुर्खेत क्याम्पस (शिक्षा) मा २७ चैत २०६८ मा आयोजित छलफल कार्यक्रमा प्रस्तुत कार्यपत्र ।

गोरखापत्र । २०२२क । हामी भौतिक उन्नतिले मात्र मानसिक शान्ति र सन्तोष पाउन सक्दैनौँ । २ चैत, पृ. १/८ ।

गोरखापत्र । २०२२ख । वृहत् आध्यात्मिक सम्मेलन सफलतासाथ सम्पन्न : राष्ट्रियताको दृढीकरणमा सहायक प्रस्तावहरू पारित । ७ चैत, पृ. १/६ ।

गोरखापत्र । २०२७ । नेपाल संस्कृत विश्वविद्यालयको नयाँ आयोजक समिति । २४ साउन, पृ. १/१२ ।

गोरखापत्र । २०४३ । उच्च शिक्षाका नीति र कार्यक्रम प्रकाश । १६ भदौ, पृ. १ ।

गौतम, भास्कर । सन् २००८ । परित्यक्त मधेस : लिखतद्वारा कैद नेपाली राष्ट्रियता । *स्टडीज इन नेपाली हिष्ट्री एण्ड सोसाइटी* १३(१) : ११७–१४६ ।

ढकाल, पीताम्बर । २०६५ । मध्यपश्चिम विश्वविद्यालयको स्थापना अझै अलमलमा । *सुर्खेतमा विश्वविद्यालय स्थापनाका लागि मौदगल्य सेवा समाज नेपालको आयोजनामा सञ्चालित श्रीमद्भागवत धनधान्यञ्चल ज्ञान महायज्ञ : स्मारिका विशेषांक २०६५* । पृ. ६५–६६ । वीरेन्द्रनगरः मौदगल्य सेवा समाज नेपाल ।

ढकाल, पीताम्बर । २०६८ । मध्यपश्चिमाञ्चल विश्वविद्यालय स्थापनाको आवश्यकता औचित्य र अवधारणा । अप्रकाशित प्रतिवेदन, सुर्खेत ।

देवकोटा, देवमणि । २०५४ । योगीज्यू मेरो हृदयमा । *योगी नरहरिनाथ अभिनन्दन-ग्रन्थ* । स्वामी प्रपन्नाचार्य, गोविन्द टण्डन, घटराज भट्टराई, चिन्तामणि योगी र मुकुन्दराज अर्याल, सं., पृ. २४१–२५४ । काठमाडौँ : योगी नरहरिनाथ अभिनन्दन-ग्रन्थ प्रकाशन समिति ।

पराजुली, लोकरञ्जन, देवेन्द्र उप्रेती र प्रत्यूष वन्त । २०७२क । सुध्रेला उच्च शिक्षा ?: त्रिविकेन्द्रित सुधार परियोजनाको लेखाजोखा । *शिक्षक* ८(८९) : ३४–३९ ।

पराजुली, लोकरञ्जन, देवेन्द्र उप्रेती र प्रत्यूष वन्त । २०७२ख । नेपालमा विश्वविद्यालयको विस्तार र त्रिविको असहयोग । *शिक्षक* ८(९०) : ३७–४० ।

पोखेल, कृष्णप्रसाद । २०५६ । पूर्वाञ्चल विश्वविद्यालय र सरकारी नीति । *कान्तिपुर*, ६ कात्तिक, पृ. ७ ।

पोखेल, बाबुराम । २०६५ । *भए गरेका कुरा* । काठमाडौँ : दिनेशचन्द्र पोखेल ।

पोखेल, राजकुमार, कविराज न्यौपाने र दधिराज सुवेदी, सं. । २०५६ । *पूर्वाञ्चल विश्वविद्यालयको ऐतिहासिक पृष्ठभूमि* । विराटनगर : पूर्वाञ्चल विश्वविद्यालय ।

प्रपन्नाचार्य, स्वामी । २०५४ । कीर्तिर्यस्य स जीवति । *योगी नरहरिनाथ अभिनन्दन-ग्रन्थ*। स्वामी प्रपन्नाचार्य, गोविन्द टण्डन, घटराज भट्टराई, चिन्तामणि योगी र मुकुन्दराज अर्याल, सं., पृ. २३–३७ । काठमाडौँ : योगी नरहरिनाथ अभिनन्दन-ग्रन्थ प्रकाशन समिति ।

यादव, उपेन्द्र । २०६० । मधेसको नागरिकताः समस्या एवं समाधान । *नेपाली मधेसीका समस्या : चार विचारमा*। जयप्रकाश गुप्ता, उपेन्द्र यादव, डा. हरिवंश झा र अमरेश नारायण झा, पृ. २५–३५ । काठमाडौँ : मधेसी मानवअधिकार संरक्षण केन्द्र ।

राष्ट्रिय शिक्षा आयोग । २०४९ । *राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९*। काठमाडौँ : राष्ट्रिय शिक्षा आयोग ।

शर्मा, मेदिनीप्रसाद । २०४६ । विराटनगरका शिक्षा क्षेत्रका अग्रदूत प्रतापनिधि शर्मा । *प्रतापनिधि शर्मा स्मृतिग्रन्थ*। दधिराज सुवेदी, सं., पृ. १६–२० । विराटनगर : प्रतिभा पुरस्कार प्रतिष्ठान ।

शर्मा, यज्ञ । २०५६ । क्याम्पस हस्तान्तरणको कुराले अन्यौल सिर्जना गरेको छ। *आजको समाचारपत्र,* ३१ असार, पृ. ३ ।

शाही उच्च शिक्षा आयोग । २०४० । *शाही उच्च शिक्षा आयोगको प्रतिवेदन*। काठमाडौँ : शाही उच्च शिक्षा आयोग ।

श्री ५ को सरकार । २०२८ । *राष्ट्रिय शिक्षा पद्धतिको योजना*। काठमाडौँ : शिक्षा मन्त्रालय ।

श्री ५ को सरकार । २०५५ । *उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५* । काठमाडौँ : शिक्षा मन्त्रालय ।

सापकोटा, महानन्द । २०५७ । धनकुटाका विषयमा । *भानु* १(८०) : २५९–२६० ।

सुवेदी, दधिराज, सं. । २०४६ । *प्रतापनिधि शर्मा स्मृतिग्रन्थ*। विराटनगरः प्रतिभा पुरस्कार प्रतिष्ठान ।

सुवेदी, दधिराज । २०५६ । पूर्वाञ्चल विश्वविद्यालय र यसका चुनौतीहरू । *गोरखापत्र,* ४ असोज, पृ. ६ ।

सुवेदी, दुर्गा । २०४६ । हस्तलिखित कीर्ति पुस्तिका र त्यसको सन्दर्भ । *प्रतापनिधि शर्मा स्मृतिग्रन्थ*। दधिराज सुवेदी, सं., पृ. ६७–९९ । विराटनगरः प्रतिभा पुरस्कार प्रतिष्ठान ।

सेन, सूव । २०६१ । *मेरा कथाहरूको कथा*। काठमाडौँ : सूर्यप्रताप सेन ।

हिमालय टाइम्स । २०५६क । पृथ्वीनारायण क्याम्पसलाई पोखरा विश्वविद्यालयमा गाभ्ने विषयमा मतमतान्तर । ९ साउन, पृ. ८ ।

हिमालय टाइम्स । २०५६ख । नयाँ विश्वविद्यालयहरूलाई क्याम्पस हस्तान्तरण गर्दा पूर्वतयारी गरिएन । ५ साउन, पृ. १ ।

Aryal, Krishna Raj. 1970. *Education for the Developmet of Nepal*. Kathmandu: Shanti Prakashan.

Bista, Dor Bahadur. 1991. *Fatalism and Development: Nepal's Struggle for Modernization*. Calcutta: Orient Longman

Hayes, Louis D. 1981. Educational Reform in Nepal: An Evaluation. *Asian Survey* 21(6): 676–688.

Khaniya, Tirth Raj. 2007. *New Horizons in Education in Nepal*. Kathmandu: Kishor Khaniya.

Khaniya, Tirth Raj. 2009. Policy in Higher Education. In *Education and Development.* Arbinda Lal Bhomi, Binod Luitel, Surya B. Mulmi and Keshab Devekota,

eds., pp. 8–16. Kathmandu: Research Centre for Educational Innovation and Development (CERID).

Malla, Kamal Prakash. 1979. The National Educational Plan: Some Problems of Implementation in Higher Education. In *The Road to Nowhere,* pp. 82–100. Kathmandu: Sajha Prskashan.

Malla, Kamal Prakash. 1995. *Teritiary Education in Nepal: An Assessment*. Kathmandu: HMG/TU/UNDP/World Bank.

Onta, Pratyoush. 1996. Ambivalence Denied: The Making of *Rastriya Itihas* in Panchayat Era Textbooks. *Contributions to Nepalses Studies* 23(1): 213–254.

Onta, Pratyoush, Devendra Uprety and Lokranjan Parajuli. 2015. How Not to Make New Universities. Paper presented at 'The Fourth Annual Kathmandu Conference on Nepal and the Himalaya.' Organized by Social Science Baha, Association for Nepal and Himalayan Studies, Britain-Nepal Academic Council and Centre for Himalayan Studies-CNRS on 22–24 July, Kathmandu.

Parajuli, Lokranjan. 2009. The Historical Evolution of Civil Society: Pokhara (1949–1972). PhD diss., University of Bielefeld.

Parajuli, Lokranjan. 2014. A University for the Nation's Survival? A History of the University that didn't Become. Paper presented at 'The Third Annual Kathmandu Conference on Nepal and the Himalaya.' Organized by Social Science Baha, Association for Nepal and Himalayan Studies and Britain-Nepal Academic Council, 23–25 July, Kathmandu.

Subedi, Madhusudan. 2014. Afno Manchhe: Unequal Access to Public Resources and Institutions in Nepal. *Dhaulagiri Journal of Sociology and Anthropology* 8: 55–84.

Thapa, Krishna Bahadur. 1999. Establishment of New Universities: Lacking of Policy or Weaknesses in Execution. In *Education and Development*. Hridaya Ratna Bajracharya, Gaja Sundar Pradhan and Oj Man Singh Shrestha, eds., pp. 81–88. Kathmandu: CERID.

Varma, S.N. 1972. Teachers and New Education Plan. *Vasudha* 14(6): 9–16.

Vir, Dharam. 1988. *Education and Polity in Nepal: An Asian Experiment.* New Delhi: Northern Book Centre.

## लेखक परिचय

देवेन्द्र उप्रेती मार्टिन चौतारीका अनुसन्धानकर्ता हुन् । उच्च शिक्षा, विधा अध्ययन, र सामाजिक संस्थाबारे उनले अनुसन्धान गरेका छन् । *द स्टेट अफ सोसियोलोजी एण्ड एन्थ्रोपोलोजी : टिचिङ एण्ड रिसर्च इन नेपाल* (सन् २०१४) का सह-लेखक उप्रेतीका लेखहरू विभिन्न पत्रपत्रिका तथा जर्नलमा प्रकाशित छन् । इमेल : upretydevendra@gmail.com